# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३० पूर्णाङ्क ७९ | २०७४ माघ १५ गते सोमबार | Monday, 29 January 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## छपकैया सीमा अतिक्रमणको विरोधमा प्रदर्शन जारी



चितवन । छपकैयामा भारतीय पक्षले गरेको सीमा अतिक्रमणका विषयलाई लिएर नेकपा (क्रान्तिकारी माओवादी)को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले विरोध प्रदर्शन जारी राखेको छ । यस बीचमा दैनिक जसो चितवनका विभिन्न स्थानमा भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्धमा कोणसभाहरू भइरहेको समाचार छ ।

प्राप्त जानकारी अनुसार चितवनको चौबिसकोठी, पुलचोक, बसपार्क, लोथर, भण्डारा, सौराहालगायत दर्जनौं स्थानमा कोणसभाहरू भएका छन् । ती सभाहरूलाई क्रान्तिकारी माओवादी तथा देजमोका नेताहरू अम्बिका मुड्भरी, अशोक शर्मा, घननाथ सापकोटालगायतले सम्बोधन गरेका थिए । यसै विषयलाई लिएर अखिल (क्रान्तिकारी) चितवन जिल्लाले जिल्ला प्रशासनलाई एक ज्ञापन पत्र बुझाएको छ ।

# गाउँ गाउँमा संगठन विस्तार गर्दै क्रान्तिकारी माओवादी

● **वर्गदृष्टि संवाददाता**

काठमडौं । नयाँ जनवादी क्रान्तिको तयारी गर्ने उद्घोष गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी) अहिले संगठन तथा जनपरिचालन अभियान लिएर गाउँ गाउँमा पुगेको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल मार्फत् निर्वाचनको क्रान्तिकारी उपयोग गरेको क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरू यतिखेर फेरि जनताको घरघरमा पुग्न थालेका छन् । संसदीय व्यवस्था, सत्ता र संविधानको विरोध एवम् भण्डाफोर गर्दै आएको यो पार्टीले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि आवश्यक पर्ने तीन जादुगरी हतियार क्रान्तिकारी पार्टी, क्रान्तिकारी जनसेना र क्रान्तिकारी संयुक्त मोर्चाको निर्माणलाई गाउँतहसम्म विस्तार गर्ने र आत्मगत शक्तिलाई सुदृढ गर्ने उद्देश्यलाई मुख्य बनाएर अभियान लिएर जनताको घर घरमा पुगिरहेको छ ।

पार्टीका स्थायी समिति, पोलिटब्यूरो, केन्द्रीय समिति सहित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, जबस, मोर्चाका सबै नेता कार्यकर्ताहरू अहिले अभियान लिएर जनताको घरदैलोमा पुगिरहेका छन् । संसदीय व्यवस्था, सत्ता र संविधानको भण्डाफोर गर्ने, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई स्थानीय विशिष्टतामा सुत्रबद्ध गरी स्थानीय निकायमा ज्ञापन पत्र बुझाउने, जनसहभागितासहित ती मागहरू पूरा गराउन संघर्ष गर्ने, भ्रष्टाचारी, कमिसनखोरी, कालाबजारी तथा जनविरोधी विदेशी दलाल तत्वहरूको खोजी गरी जनकारबाही गर्ने लगायतका कार्यक्रमहरू तय गरी क्रान्तिकारी माओवादीको सिंगो पंक्ति संगठन र संघर्षको योजनामा जुटेको छ ।

वर्गदृष्टिलाई प्राप्त सातवटै प्रदेशका समाचार अनुसार पछिल्लो हप्ता १ नं प्रदेशको उदयपुर जिल्लामा तीन महिने संगठन तथा जनपरिचालन अभियान संचालनका लागि हालै सम्पन्न जिल्ला समितिको बैठकले चारवटा अभियान टोली निर्माण गरेको छ । उक्त प्रदेशमा क्रियाशिल किरात राष्ट्रिय मुक्ति मोर्चा, लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय बैठकहरू राखेर तीन महिने अभियानमा परिचालन गर्ने निर्णय गरिएका छन् । यस बीचमा उदयपुर, ओखलढुंगा, खोटाङ, भोजपुर, सुनसरी, मोरङ, झापा, तेह्रथुम लगायतका जिल्लामा बैठक र प्रशिक्षण सम्पन्न भएका छन् । प्राप्त समाचार अनुसार ओखलढुंगामा अभियान संचालनका लागि पाँचवटा अभियान टोली निर्माण गरिएको छ । त्यसैगरी सुनसरी जिल्लामा तीनवटा अभियान टोली बनाइएको छ ।

त्यसैगरी २ नं. प्रदेशमा मौसमको प्रतिकूलताको बाबजुद सप्तरी र सिरहा, धनुषा र महोत्तरीमा बैठक प्रशिक्षण सम्पन्न भएको छ भने रौतहटको १४ र १५ माघमा, बारा पर्सामा १६ र १७ माघमा बैठक प्रशिक्षण सम्पन्न गर्ने समय निश्चित गरिएको देजमो २ नं. प्रदेश संयोजक कमल चौधरीले जानकारी दिनुभएको छ ।

यता ३ नं. प्रदेशका सबै जिल्लामा पार्टी र देजमोका बैठक सम्पन्न भएको पार्टी प्रदेश सचिव सागरले बताउनु भएको छ । उहाँका अनुसार काभ्रे जिल्लामा माघ ७ र ८ गते बैठक तथा प्रशिक्षण सम्पन्न भएको छ । सो प्रशिक्षणलाई ३ नं. प्रदेश सचिव सागर, मोर्चाका संयोजक पवनमान श्रेष्ठ र पार्टी केस हिमकर्णलगायतले प्रशिक्षण दिनुभएको थियो । बैठकले अभियान संचालनका लागि चार वटा टोली निर्माण गरी अभियानमा जुटेको छ । त्यसैगरी काभ्रे देजमोको पनि बैठक सम्पन्न भएको छ । मोर्चाका प्रदेश संयोजक श्रेष्ठको विशेष उपस्थितिमा सम्पन्न बैठकले अभियानलाई प्रभावकारी बनाउन मोर्चाले विशेष भूमिका खेल्ने र स्थानीय तहसम्म मोर्चाका कमिटिहरू विस्तार गर्ने निर्णय गरेको छ । त्यसैगरी ११ माघमा मकवानपुर जिल्ला पार्टीको बैठक प्रशिक्षण सम्पन्न भएको छ । प्रशिक्षण तथा बैठक प्रदेश पार्टी सचिव सागरको विशेष उपस्थितिमा सम्पन्न भएको थियो ।

यता ४ नं. प्रदेशमा जिल्ला पार्टीहरूका बैठक सम्पन्न भइसकेका छन् । अभियानलाई विशेषगरी गोर्खा, कास्की, तनहुँ, नवलपुर, पर्वत र बाग्लुङमा केन्द्रित गरी संचालन गरिएको छ ।

त्यसैगरी ५ नं. प्रदेशको गुल्मीमा बैठक प्रशिक्षण सम्पन्न भएको छ भने माओवादी केन्द्र र एमाले परित्याग गरी दर्जनौ नेता कार्यकर्ताहरू क्रान्तिकारी माओवादीमा प्रवेश गरेको समाचार प्राप्त भएको छ । देजमो गुल्मी संयोजक केशव अविरलले दिएको जानकारी अनुसार माओवादी केन्द्रबाट लेखबहादुर श्रीस, यादव विक, हिममान विक, घनश्याम विक, मानबहादुर विक, राहुल विक, उमा सुनार, खिमा सुनार, गोमा सुनारलगायत २० जना र एमालेबाट विष्णु निधि, युवराज विकलगायत पाँच जना क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । जिल्लाको बैठक तथा प्रशिक्षण कार्यक्रममा पार्टी प्रवेश गर्नेहरूलाई पार्टी पोलिटब्युरो सदस्य तथा प्रदेश सचिव प्रेम सुवेदीले अवीर लगाएर स्वागत गर्नुभएको थियो । त्यसैगरी बाँके, बर्दियाको संयुक्त रूपमा प्रशिक्षण र बैठक सम्पन्न भएको छ । उक्त संयुक्त प्रशिक्षणमा पार्टी स्थायी समिति सदस्य परि थापा, पोलिटब्यूरो सदस्य प्रेम सुवेदी, केस शिशिर र भुपेन्द्र न्यौपाने लगायतको उपस्थिति रहेको थियो ।

६ नं. प्रदेशका जिल्लाहरूका जिल्ला पार्टीहरूका बैठक र प्रशिक्षणहरू भइरहेका छन् । प्राप्त जानकारी अनुसार दैलेखको बैठक प्रशिक्षण सम्पन्न भएको छ । सो प्रशिक्षणलाई प्रमुख अतिथी तथा प्रदेश पार्टीका का.व.सचिव सिपी शर्माले सम्बोधन गर्नुभएको थियो । त्यसैगरी सुर्खेत जिल्लामा पनि बैठक प्रशिक्षण सम्पन्न भएको छ ।

त्यसैगरी ७ नं. प्रदेशको कैलाली, कंचनपुरमा अभियान संचालन भइरहेको छ भने अन्य पहाडी जिल्लाहरूमा हिमपातका कारण अभियान संचालनमा अवरोध पैदा भएको प्रदेश सचिव अटलले जानकारी ...बाँकी ८ पेजमा

### क्रान्तिकारी युवा र विद्यार्थीले छपकैयामै पुगेर खबरदारी गर्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिग र अखिल (क्रान्तिकारी)ले पार्टीको २ नं. र ३ नं. प्रदेशको सहयोगमा भारतीय विस्तारवादले पर्साको विरगंजको छपकैयामा गरेको सीमा अतिक्रमणको विरोधमा छपकैयामै पुगरे खबरदारी गर्ने भएको छ । प्राप्त समाचार अनुसार माघ १७ गते भारतीय पक्षले सीमा मिचेको विरगन्ज महानगरपालिकाको १ नं वडामा पर्ने छपकैयामा पुगेर खबरदारी गर्ने कार्यक्रम तय गरिएको छ । स्मरण रहोस् कि क्रान्तिकारी माओवादीले भारतीय विस्तारवादले गरेको सीमा अतिक्रमण लगायतका सबै खाले हस्तक्षेपको विरोध एवम् भर्त्सना गर्दै अएको छ ।

## भारतीय माओवादीसँगको भिडन्तमा मारिए दुई सब–इन्स्पेक्टर



● **वर्गदृष्टि संवाददाता**

एजेन्सी । भारतीय माओवादीका छापामार सेना र भारतको छत्तीसगढ राज्यको नारायणपुर जिल्लाको अबुजमाद जंगल क्षेत्रमा माओवादी दमन अभियानमा खटिएको विशेष केन्द्रीय टास्क फोर्स र स्थानीय रिजर्भ फोर्सको संयुक्त टोलीबीच बुधबार भएको दोहोरो भिडन्तमा परी दुई जना सब-इन्स्पेक्टर र दुईजना हवल्दारसहित विशेष टाक्स फोर्सका ५ जनाको घटनास्थलमै मृत्यु भएको छ । भारतीय संचारमाध्यमहरुका अनुसार सो दोहोरो भिडन्तमा परी टास्क फोर्सका ९ जनाको मरणासन्न अवस्थामा उपचार भइरहेको छ । जसमध्ये दुई जनाको स्थिति चिन्ताजनक रहेको छ ।

३ घन्टासम्म चलेको भनिएको सो भिडन्तमा ६० जना सरकारी फोर्स रहेको र माओवादीको ६ नम्बर कम्पनी संलग्न रहेको भारतीय माध्यमहरूले जनाएका छन् । भिन्डन्तबाट माओवादी छापामार हरुले ठूलो परिणाममा हातहतियार कब्जा गरेका ...बाँकी ७ पेजमा

## 'जनताको गणतन्त्र हाम्रै जीवनकालमा'



● **वर्गदृष्टि संवाददाता**

बाँके । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा प्रदेश नम्बर पाँचका इन्चार्ज परी थापाले अहिले मुलुकमा आएको गणतन्त्र बुर्जुवा भएको बताउँदै जनताको गणतन्त्र हाम्रै जीवनकालमा आउने दावी गर्नुभएको छ । अहिलेको ...बाँकी ७ पेजमा

## लैनचौर दरबारका पुरीको बढ्दैछ चुरीफुरी



काठमाडौं । लैनचौर स्थित भारतीय दूतावासका राजदूत मन्जितसिंह पुरीको पछिल्ला दिनमा चुरीफुरी बढेर गएको छ । उनको यसरी चुरीफुरी बढ्नुमा एमालेका अध्यक्ष तथा भावी प्रधानमन्त्रीको रुपमा हेरिएका केपी ओली मुख्य रुपमा जिम्मेवार रहेको चर्चा राजनीतिक वृतमा चल्न थालेको छ । तीनै तहको निर्वाचन परिणामले एमालेलाई सबैभन्दा ठूलो पार्टीको हैसियतमा पुऱ्याएपछि र ओलीलाई भावी प्रधानमन्त्री हुने पक्का देखेपछि पुरीले ओली-मोदीको सम्बन्ध सुधार गराउन मुख्य भूमिका निर्वाह गर्दै आएका छन् । ओलीलाई रिझाउन र प्रधानमन्त्रीको रुपमा उनलाई आफ्नो स्वार्थनुकूल उपयोग गर्न मोदीले पुरी र रअका प्रमुखलाई प्रयोग गरिरहेका छन् । ओलीले ७० औं गणतन्त्र दिवसको अवसरमा भारतीय राजदूतावासले १२ माघ (२६ जनवरी) ...बाँकी ८ पेजमा

## 'ओली भारतको नयाँ एजेन्ट'



उदयपुर । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एमाले अध्यक्ष केपी ओलीलाई नयाँ एजेन्टको रूपमा प्रयोग गर्न ...बाँकी ७ पेजमा


## चीनको नयाँ घोषणा 'पोलर सिल्क रोड'



एजेन्सी । चिनियाँ सरकारले शुक्रबार आफ्नो अगामी योजना 'पोलर सिल्क रोड'को घोषणा गरेको छ । चीनको यो महत्वाकांक्षी योजना उत्तरी ध्रुवको आसपास एक समुद्री मार्ग तयार गरेर व्यापार गर्ने उद्देश्यमा आधारित छ । यो परियोजना चीनको सिल्क रोड तथा वन बेल्ट वन रोडको एउटा हिस्सा हो । राष्ट्रपति शी जिनपिंगले २०१३ मा यो योजना अगाडि सारेका थिए । चीन यदि यो योजनामा सफल भयो भने उत्तरी अमेरिका, पूर्वी एशिया र पश्चिमी यूरोपका तीन ठूला आर्थिक ध्रुवहरूसँग आफूलाई जोड्न ऊ सफल हुने विश्लेषण गरिएको छ । भनिएको छ कि जलवायु परिवर्तनका कारण चीनको यो योजना सफल पार्न बल मिलेको छ । चीन चाहन्छ कि जलवायु परिवर्तनका कारण अन्तर्राष्ट्रिय व्यापारलाई थप सुगम बनोस् ।

चिनियाँ सरकारका अनुसार यस मार्ग अस्तित्वमा आएपछि मुख्य व्यापारिक साझेदारीहरूलाई व्यापार गर्न समय र लागत कम खर्चिनु पर्नेछ । चीन भविष्यका लागि उत्तरी ध्रुवसम्म एक समुद्री व्यापार मार्गको लागि ठाउँ प्रशस्त गर्नेछ । हालको बर्षमा चीन नयाँ अन्तर्राष्ट्रिय समुद्री मार्ग र बंदरगाहहरूका विषयमा पनि धेरै नै सक्रिय भएको छ । ...बाँकी ७ पेजमा

## संसदवाद, संसदीय निर्वाचन उपयोग र भ्रष्टाचार



● सीताराम तामाङ ●

**विषय उठान :**

लामो समयदेखि अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा रहेको नेपालमा सामन्तवाद, साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध नेपाली जनताले विभिन्न समयमा ठूला-ठूला संघर्ष गरेका छन् । त्यसबाट राजनीतिक (उपरिसंरचना) संरचनामा केही परिबर्तन भएका छन् तर आधार भूतरूपमा (सार) खासै फरक आएको छैन । २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको रापतापबाट बनेको अन्तरिम संविधान (२०६३) भन्दा पछि हटेर कथित संविधानसभाले (दोस्रो पटक) (२०७२) दलाल तथा नोकरशाही पुँजीपति तथा सामन्तवर्गको हकहित तथा अधिकारको पक्षपोषण गर्ने पुरानै प्रकारको संविधान दियो । झट्ट हेर्दा गणतंत्र, धर्मनिरपेक्षता र संघियता जस्ता कुराहरू रूप र मात्राका हिसाबले सकरात्मक देखिएता पनि सार र गुणका हिसाबले यो संविधान प्रतिगामी रहेकोछ । लोकतान्त्रिक गणतन्त्रको स्थापना भए पछि पनि राज्यव्यवस्था पञ्चायती कालमा जस्तै दलाल, नोकरशाही पुँजीपति तथा सामन्तवर्गकै हातमा रहेकोछ । यो प्रतिगामी संविधान कार्यान्वयन गर्न, गराउन संसद, प्रदेश सभा र स्थानीय निर्वाचन सम्पन्न गराईएको छ । यसबाट वास्तविक प्रतिक्रान्तिकाल अरु भएकोछ । परिणामतः राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवाल सुरु गम्भीर र जटिल बन्न पुगेकोछ ।

> 'कहिले संघर्षको संसदीय तरिका अपनाईन्छ त कहिले गैर-संसदीय तरिका, कहिले संसदको बहिस्कार गर्ने कार्यनीति अपनाईन्छ त कहिले संसदमा भाग लिने, कहिले गैर-कानुनी संघर्ष हुन्छ तर कहिले कानुनी प्रकारको अभ्यास गरिन्छ र यी विभिन्न रूपहरू एकअर्कासित सम्बन्धित र जोडिएका हुन्छन्' ***-लेनिन ।***

विश्वमै असफल सिद्ध भएको यो पुरानो संसदीय लोकतन्त्र र नवउदारवादी अर्थतन्त्रलाई अन्तिम उदेश्य र आदर्श मानेर तिनको कार्यन्वयनका लागि संसदीय निर्वाचनमा लिप्त भएर सत्ताधारी दलालले कथित लोकतान्त्रिक र कथित वाम गठबन्धन बनाई लोकतन्त्रको नाममा सत्ता र पैसाको चरम दुरूपयोग गरेका छन् । यही हो संसदवाद । संसदवाद भनेको भ्रष्टचारी सिद्धान्त हो र संसदीय प्रणाली भनेको भ्रष्टचार गर्ने ब्यवस्था हो ।

२) **संसदवाद र संसदीय निवाचन उपयोगको प्रश्न** : राज्यसत्ता तथा ब्यबस्थालाई स्वीकार गरी त्यसको संरक्षण र कार्यन्वयन गर्न संसदीय निर्वाचनमा भाग लिनु संसदवाद हो । ने.क.पा. (क्रा.मा.)ले वर्तमान राज्यसत्तालाई दलाल तथा नोकरशाही पुँजीपति ...बाँकी ७ पेजमा

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# एकता तथा ध्रुवीकरणको चर्चा

दक्षिणपन्थी तथा अवसरवादी शिविरमा पार्टी एकताको चर्चा चलिरहँदा क्रान्तिकारीहरू बीचको एकता तथा ध्रुवीकरणको विषयमा पनि चर्चा बाक्लिन थालेको छ । नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धाराको नेतृत्व गरिरहेको मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध तुल्याउने उद्देश्यले औपचारिक रूपमा नै पहल थालेपछि क्रान्तिकारी कम्युनिष्टहरूको वृतमा एकता तथा ध्रुवीकरणको विषयले विस्तारै बहसको रूप लिन थालेको छ । र यसले क्रान्तिकारी पंक्ति र जनपंक्तिमा पनि एउटा आशा र उत्साह पैदा गराएको छ । आमूल परिवर्तनका पक्षधर जनता क्रान्तिकारीहरू एकजुट भएको र क्रान्तिको प्रक्रियालाई मूर्त रूपमा अगाडि बढाएको हेर्न आतुर छन् ।


मुलुकमा नयाँ जनवादी क्रान्तिको कोर्स पूरा गरेर वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्नका लागि सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीचको एकता तथा ध्रुवीकरणको आवश्यकताबोध र पहलकदमी क्रान्तिकारी माओवादीको नेतृत्वले जुन उचाइ र दुरगामी सोचका साथ गरेको छ, त्यही स्तरको बोध र पहलकदमी अन्य क्रान्तिकारी कम्युनिष्ट समूहका नेतृत्वले पनि गर्न जरुरी छ । क्रान्तिप्रतिको आवश्यकता, निष्ठा र समर्पणलाई केन्द्रमा राखेर पवित्र सोचका साथ गरिने पहलकदमीले नै विभिन्न समूहमा छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध तथा ध्रुवीकृत गराउन सक्छ । संकीर्ण, गुटगत मानसिकता र दाउपेचपूर्ण सोचले एकताको कोर्स अगाडि बढ्न सक्दैन । अहिले क्रान्तिकारी माओवादीले जति खुल्ला र स्पष्ट रूपमा एकताको वैचारिक, राजनीतिक तथा सांगठानिक आधारसहित पहलकदमी लिइरहेको छ, अन्य कम्युनिष्ट घटकबाट त्यस सम्बन्धमा खुलेर कुरा आउन सकेको छैन । औपचारिक रूपमा एकता वार्ताको लागि पत्राचार समेत भइसकेको पृष्ठभूमिमा अन्य घटकबाट पनि ठोस रूपमा आफ्ना प्रस्तावहरू आउन जरुरी छ । र, खुल्ला र स्पष्ट रूपमा छलफल, बहसहरू अगाडि बढ्न जरुरी छ ।

पार्टीको मार्गनिर्देशक सिद्धान्त, बलप्रयोगको आवश्यकता र निरन्तर क्रान्तिको विषयमा क्रान्तिकारी माओवादी र विप्लव नेतृत्वको नेकपाबीचमा आधारभूत कुराहरू मिलेपनि कार्यनीति र कार्यदिशाको विषयमा फरक देखिन्छ । क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्तिलाई जोड दिइरहेको छ भने नेकपाले वैज्ञानिक समाजवादमा जोड दिएको छ । तत्कालै लिएको कार्यनीतिलाई हेर्दा पनि क्रान्तिकारी माओवादीले निर्वाचन उपयोगको कार्यनीति लियो भने नेकपाले बहिस्कारको नीति लियो । राजनीतिक लाइन र कार्यनीतिक स्टेप नै फरक फरक अभ्यास गरिरहेका यी दुई पार्टीबीचको एकताका लागि खुल्ला रूपमा पर्याप्त छलफल बहसको आवश्यकता छ । नेपाली समाजको वर्गविश्लेषण, अन्तर र्राष्ट्रिय परिस्थिति र पार्टीको आम कार्यदिशा तथा कार्यनीतिक स्टेपका विषयमा एउटै बुझाइ बनाउन जरुरी छ ।

देशी विदेशी प्रतिक्रियावादी तथा कम्युनिष्ट आन्दोलनको दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादी धाराले पारेको भ्रम र गरेको घेराबन्दीलाई चिरेर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन र माओवादी आन्दोलनमा विद्यमान निराशा, पलायनता र निष्क्रियतालाई आशा, उत्साह, आकर्षण र गतिशिलतामा बदल्नका निम्ति क्रान्तिकारीहरूबीचको एकताको आवश्यकता बढेर गएको छ । क्रान्तिकारीहरूको आत्मगत अवस्था कमजोर हुँदा वस्तुगत रूपले क्रान्तिको लागि अनुकूल बातावरण मौजुद हुँदा तथा प्रतिक्रियावादी वर्गवीचमा अन्तरविरोधहरू बढेर जाँदा र पुरानो राज्यव्यवस्था संकटपूर्ण अवस्थामा हुँदा पनि क्रान्तिकारीहरू राजनीतिक रूपले हावी हुन सकिरहेका छैनन् र वैकल्पिक शक्ति भएर पनि वैकल्पिक शक्तिको हैसियत र भूमिका प्रदर्शन गर्न सकिरहेका छैनन् । यसको बोध सबै कम्युनिष्ट घटकहरूले बेलैमा गरेर एकताको कोर्सलाई इमान्दारितापूर्वक अगाडि बढाउन जरुरी छ । यो अहिलेको ऐतिहासिक आवश्यकता बनेको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# चुनावको मैदानमा समानुपातिक खेल


● कमल चौधरी

*इतिहासको टर्निङ प्वाइन्टमा नेपाली कम्युनिष्ट आन्दोलन पुगेको अवस्थामा क्रान्तिकारीहरूले दृढताका साथ इतिहासले सुम्पेको दायित्व पूरा गर्ने आँट र साहस गर्नै पर्दछ । सो अभिभारा पूरा गर्न क्रान्तिकारीहरू सबल बन्नैपर्छ । कथित 'लोकतान्त्रिक' र 'वाम' गठबन्धनरूपी भ्रमलाई चिर्दै भण्डाफोरलाई*

दोस्रो संविधानसभाको गर्भबाट जन्मेको संविधानको अझै संस्कार पूरा भएको छैन । गर्भधारणको संस्कारदेखि जन्मकालसम्म र न्वारनदेखि व्रतबन्धसम्मको चरणबद्ध संस्कारमा देखिएको सुडेनीहरूको उसको स्वार्थको उद्यानको शिशुलाई स्याहारको नाममा अराजकतापूर्ण चर्तिकलालाई नेपाली जनताले सहिदिएकोमा उनीहरूलाई औंधी नै गर्व लाग्यो होला । अब पालो संविधानको कर्कस पाइलालाई नेपाली जनताले आफ्नो छातीमा टेक्न दिएको छ । संविधान कार्यान्वयनको निम्ति भएको निर्वाचन र त्यसको पद्धति पनि हिन्दू देउता शिवको बिहेमा नंगी भिरंगीको बरियाँत भन्दा फरक रहेन । 'थ्री एम' (मनी, मसल र म्यानुपुलेसन) को खुला प्रयोग हेर्न लायकको नै रह्यो । नेपालमा पुँजीवाद आयो भन्नेहरू अर्कोतिर उम्मेदवारीको निम्ति पार्टी, टिकट, मतदाताको भोट र मन्त्री पद सबै बिकाउ सामग्रीझैं किन्न मिल्ने बजारु मालको रूपमा उपलब्ध हुन सक्ने अवस्थामा रहेका देख्दा साँच्ची नै पुँजीवाद आएकै हो कि ? जस्तो पनि भ्रम हुनु स्वाभाविक नै हो । सामन्तवाद भन्दा पुँजीवाद प्रगतिशील चरणको रूपमा बुझ्नेलाई झट्का नै लाग्यो होला । कतै नभएको जात्रा हाँडी गाउँमा । अब त राजनीति नै बजारु माल बन्न पुगेको छ । नेपालको संविधान उत्कृष्ट छ भन्नेको पुष्ट्याइँ हो यो ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको घोषणालगत्तै एउटा आतंकपूर्ण भगदरझैं उत्पन्न भयो । पार्टी नामका गोठहरूमा थुनिएका भेडाबाख्रा फुत्केर यता र उति हुरिएझैं अनेक राजनीति पार्टीका मान्छे वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनको पण्डालमा प्रवेश लिन थालेको अनौठो दृश्य बडो उदेकलाग्दो थियो । वास्तवमा नेपालका साना ठूला दलमा बाँडिएका चुनावी पार्टीहरू कुनै राजनीतिक मूल्यमा आधारित नभएर भ्रमका विसातखाना बाहेक केही नभएको निष्कर्षमा पुग्न बाध्य पार्‍यो । त्यस्तो हुँदा हुँदै नेपालको ६०-७० प्रतिशत मतदाताले मत हाल्न जान्छन् र तिनै अवसरवादी नेताहरूलाई विजय गराउँछन् जसले पटक-पटक देश र जनताको हितमा काम गर्ने बाचा गर्ने र धोका दिने काम गर्ने, भ्रष्टाचार र राष्ट्रघात गर्ने उही पुराना अनुहारका छन् । भनिन्छ, कुनै पनि राज्य व्यवस्थामा जनताको प्रतिनिधि चुन्नको लागि सामान्यतः निर्वाचनको व्यवस्था गरिएको हुन्छ र सोहीमार्फत् जनप्रतिनिधिहरू चुनिन्छन् । त्यो प्रक्रियालाई संवैधानिक कानुनसम्मत, सर्वस्वीकार्य र अन्तिम मानिन्छ । यद्यपि त्यसरी सधैं सही र राम्रै प्रतिनिधि चुनिन्छ भन्ने ग्यारेन्टी छैन । कम्तिमा दोस्रो संविधानसभाको निर्वाचनदेखि हालसम्म चलिरहेको निर्वाचन प्रक्रियामा पछिल्लो अंश नै बढी सत्य रहेको पाइएको छ ।

संविधानसभाको निर्वाचन आदिवासी जनजाति, मधेशवादीहरूले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको माग गर्दै आएका थिए । पहिलो संविधानसभामा समानुपातिक समावेशी प्रतिनिधित्वको अवधारणासहित मिश्रित निर्वाचन प्रणालीअन्तर्गत प्रत्यक्ष ४० प्रतिशत र समानुपातिकमा ६० प्रतिशत स्थान छुट्याउने प्रस्तावमा सहमति भएको थियो । तर दोस्रो संविधानसभाको प्रत्यक्षमा ६० र समानुपातिका ४० प्रतिशत स्थान निश्चित गरियो । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक देश हो । कम्तिमा २ सय ४० वर्षसम्म शाहवंशको छत्रछाँयामा हिन्दू ब्राम्हणवादी सामन्ती व्यवस्थाले एक धर्म, एक भाषा र हिन्दूवादी साँस्कृतिक मान्यतालाई प्रशय दियो ।

त्यसले गर्दा अन्य जाति, धर्म, भाषा र संस्कृति उत्पीडित र उपेक्षित हुँदै कमजोर बन्दै लोप हुने अवस्थामा पुगे । शासन व्यवस्थामा बाहुन क्षेत्री जाति समुदायका सम्भ्रान्त परिवारहरूको पहुँच बनिरह्यो । दश वर्षको जनयुद्ध र ०६२/६३को जनआन्दोलनले राजतन्त्रको अन्त्य गरिदियो । अहिले नाम मात्र कै भए पनि संघीयता र गणतन्त्र छ । शासन व्यवस्थामा अहिलेसम्म पहुँच नभएका जातीय, भाषिक, धार्मिक, साँस्कृतिक, समुदायहरू जो प्रत्यक्ष प्रतिस्पर्धामा चुनिन सक्षम छैन, तिनलाई नीति निर्माणको तहमा प्रतिनिधित्व गराउन समानुपातिक निर्वाचन प्रणालीद्वारा अघि बढाइने भनिएको छ । तर भएको छ उल्टो । उपेक्षित, उत्पीडित र पिछडिएका समुदायलाई राज्यसत्तामा प्रतिनिधित्व गराउनु र जाति, समुदाय, भाषा, लिंग भौगोलिक क्षेत्र सबै सन्तुलन मिलाउनुको सट्टा दुईतिहाइ स्थानमा जित्ने शासक र उत्पीडक समुदायलाई पनि समानुपातिकमा एउटा क्लष्टरको रूपमा थप अवसरको व्यवस्था गरिएको छ । त्यस अतिरिक्त नेताका आफन्त, नातेदार, प्रियपात्र र पैसाको थैली हुनेहरूलाई समानुपातिक माध्यमबाट प्रतिनिधि बनाउने कदम खुलेआम भैरहेको छ । समानुपातिक प्रणालीको उद्देश्य सही हुँदा हुँदै त्यसको प्रयोग गलत किसिमको हुन थालेको छ । सहीको उल्टो गलत हुन्छ तर गलत नै आम प्रचलन बन्यो भने सही त्यसको उल्टो हुनेछ । यो संविधान उल्टो र विकृत र भ्रष्ट तरिकाले उत्कृष्ट छ, सत्तामा हुनेको लागि व्यावहारिक छ ।

समानुपातिककै सन्दर्भमा अन्तरजातीय विवाहको सवाल पनि चर्चामा आएको छ । कुनै आदिवासी जनजाति, मधेसी वा दलित पुरुषसँग कुनै अन्य जातकी महिलाको विवाह हुँदाको अवस्थामा पतिको पारिवारिक थर धारण गरेकै आधारमा पतिको जातले पाउने समानुपातिक हकलाई महिलाले उपयोग गर्ने गरेको घटना सुन्न बुझ्नमा आएको छ । उदाहरणको लागि पुरुष आदिवासी जनजाति र महिला कुनै क्षेत्री वा बाहुन परिवारबाट छिन् । महिलाले आफ्नो जन्मजात कुलवंशको थर परिवर्तन गरी पतिको थर अर्थात् आदिवासी जनजाति थर धारण गरेर पतिको सम्पत्ति माथि हकदावी गर्न पाउने जस्तै जातीय समानुपातिक सुविधाको हक पाउने कि नपाउने ? त्यस्तै महिला आदिवासी जनजाति परिवारमा जन्मेकी तर विवाह कुनै बाहुन क्षेत्रीसँग भएको छ भने त्यो महिलाको आदिवासी जनजातीय हकअधिकार कायम रहने कि नरहने ? समानुपातिकसँग जोडिएको यो मुद्दाबारे अघि पर्याप्त छलफल हुन सकेन । अहिले के सुन्नमा आएको छ कि ठूला पार्टीहरूले आफ्नो अनुकूलतामा यसलाई उपभोग गर्ने गरेका छन् । यो संविधानभित्र कस्तो हुँदा ठीक हुन्छ भन्ने सल्लाहको रूपमा होइन कि उत्पीडित जाति समुदाय र लैंगिक हक अधिकारमाथि हुने गरेको अन्यायलाई कसरी रोक्ने प्रश्न नै चिन्ताको विषय रहेको छ । यो पुरूप प्रधान समाजको कारण फरक फरक जातको वीच विवाह भएको अवस्थामा महिला पुरुषको जातमा स्वतः दरिने भन्ने प्रकारको सोच हुन सक्ला तर माथिल्लो जातको पुरुषको आफूभन्दा तल्लो जातकी महिलासँग विवाह गर्दा आफ्नो जातबाट झर्ने परम्परा पनि छ । त्यो झर्ने वा उक्लिने भन्दा पनि भन्दा पनि समानुपातिकको सवालमा जन्मेको पारिवारिक वंशको आधारलाई नै मान्यता दिँदा बढी न्यायोचित हुने देखिन्छ ।

दुई हप्ताअघि सप्तरीमा सहिदका पिताको निधन पछि आयोजना गरिएको शोक सभामा श्रद्धाञ्जलीको क्रममा मैले संविधानमा रहेको निर्वाचन पद्धति र ठुला पार्टीको विसंगति विकृतिबारे औंल्याएको कुराप्रति सोही कार्यक्रममा आतिथ्य गरिरहेका एमालेका एकजना प्रदेशसभाका सदस्य संविधान पत्थरको लकिर होइन बेलाबेलामा फेरिदै जाने हो भनेर मेरो भनाइको प्रतिवाद गरेका थिए । उनी आफ्नो पार्टीको लाइनमा बोले तर के स्थिति त्यस्तो छ त ? संविधान पत्थरको लकिर हो पनि होइन पनि । सत्तापक्षलाई आवश्यक पर्दा संविधान घोषणा भएको महिना नबित्दा संशोधनको प्रस्ताव नेपाली कांग्रेसबाट ल्याइयो र पारित पनि भयो । थारु र मधेशीहरूले ६ महिनासम्म अथक आन्दोलन गरे, कम्तिमा ३ दर्जनको ज्यान गर्‍यो तर त्यो पत्थरको लकिरमा परिर्वतन भएन । संविधान र व्यवस्थाकै विरुद्धमा ठूलठूला आन्दोलनहरू हुँदै आए । व्यवस्था बदलिए संविधान फेरिए । यो संविधान र व्यवस्था दुवै फेरिनेछन् योभन्दा उच्चस्तरको व्यवस्था आउने छ, तर शर्त त फेरि पनि आन्दोलन र क्रान्ति नै हो ।

## झर्रोटर्रो

कैलुब्राह

# 'मुख्यमन्त्री फेशन शो रनिङ शिल्ड'

यतिखेर नेपाल मण्डलका सात प्रदेशमा 'मुख्यमन्त्री फेशन शो रनिङ सिल्ड'का लागि म्याराथन दौड प्रतियोगिता चलिरहेको छ । यो खेलमा सूर्यछाप क्लब, गोलघेरे क्लब, मशालछाप क्लब र छाता क्लबले मुख्य रूपमा भाग लिएका छन् । यसमा चारतारे क्लब पनि तयारी अवस्थामा रहेको छ । सो क्लब अहिले रिजर्व फोर्सका रूपमा तैनाथ छ । यो प्रतियोगितामा सूर्यछाप र गोलघेरे क्लबका बीचमा झगडा परेर रिङ आउट भएका खण्डमा चारतारे क्लबलाई च्याखे परेर प्रथम हुने झिनो सम्भावना पनि छ । त्यसैले चारतारे क्लब यतिखेर माखेदाउमा बसेको छ । उसले सूर्यछाप र गोलघेरेका बीचमा घम्साघम्सी परेर मारामार, कुटाकुट, लुछालुछ, चिथोराचिथोर परे हुन्थ्यो भन्दै विभिन्न मठमन्दिरमा पूजाअर्चना पनि गरिरहेको छ । गोलघेरे र सूर्यछापका धावकहरूलाई उकास्ने, फकाउने र मच्चाउने काममा पनि चारतारे क्लब लागिपरेको समाचार छ ।

यो 'मुख्यमन्त्री फेशन शो रनिङ सिल्ड' प्रतियोगितामा २ नम्बर प्रदेशमा भने मशालछाप क्लब र छाताछाप क्लब मध्य एउटाले हात पार्ने कुरा सुनिश्चित देखिन्छ । त्यहाँ अरू क्लबहरू दर्शकका रूपमा मात्र खेलमा सहभागी हुनेछन् । बाँकी ६ वटा प्रदेशहरूमा सूर्यछाप र गोलघेरे धावकहरूकै बर्चस्व रहेकाले ती दुई क्लबहरूले नै यी प्रदेशहरूमा मुख्यमन्त्री रनिङ शिल्ड हात पार्ने सुनिश्चित छ । तथापि यिनै २ क्लबहरू नै म्याराथनमा भाग लिएको हुनाले प्रतियोगिता रोचक बनेको हो । अझ रोचक कुरा त एउटै क्लबका दुई/दुई जनाले उक्त फेशन शो म्याराथनमा सहभागिता जनाएर मैदानमा उत्रिएको हुनाले खेल रौनक बनेको हो । यो प्रतियोगिता नेपालको इतिहासमा पहिलोपटक आयोजना गरिएको हुनाले पनि खेल रोचक र निकै चर्को प्रतिस्पर्धायुक्त हुने देखिएको छ । पहिलो इतिहास कायम गराएर लोकसेवाका जाँच तथा विभिन्न हाजिरीजवाफ प्रतियोगिताहरूमा आफ्नो नाम समावेश गराउने होडबाजी भएकाले एउटै क्लबबाट पनि दुई/तीन जना आकांक्षी धावक मैदानमा उत्रिएका हुन् ।

यो प्रतियागितामा रेफ्रीको भूमिकामा छनोट भएका छन् मिस्टर सुप्रिमो र मिस्टर उखानप्रसाद । यी दुवै रेफ्रीहरूले नै 'मुख्यमन्त्री फेशन शो रनिङ शिल्ड'मा सहभागी धावकहरूलाई बिजेता घोषणा गर्ने छन् । यिनीहरू ६ वटा प्रदेशका लागि मात्र रेफ्रीमा छनोट भएका हुन् । उता २ नम्बर प्रदेशका खेलमा रेफ्रीको भुमिकामा ६ जना सण्ड, मुसण्ड, उग्रचण्डहरू भएकाले त्यहाँ अन्तर्राष्ट्रिय रेफ्रीले नै बिजेता घोषित गर्ने छन् । यसरी अन्तर्राष्ट्रिय रेफ्रीका रूपमा छिमेकी गुज्जर भैयाका मुलुकबाट गुज्जर भैयाले तोकि पठाएका लैनचौर निवासी सरदार बाबुले छाया रेफ्रीको भूमिका निभाउने छन् । छाया रेफ्रीले नाम छनोट गरेर सिफारिस गरेपछि मात्रै ६ जना सण्ड, मुसण्ड, उग्रचण्ड रेफ्रीहरूले लालमोहर लगाएर घोषणा गर्ने छन् । यसरी छनोट भएका बिजेता धावकहरूले शिल्डको मुकुट पहिरिने छन् र 'फेशन शो हिरो' बन्ने छन् । उनीहरूले फेशन शोको मुकुट बीचमा कुनै भूकम्प वा ज्वालामुखी विष्फोट भई विघ्नबाधा उत्पन्न भएर क्लब तोडफोड नभएमा पाँच वर्षका लागि पहिरिने छन् ।

यसरी छनोट भएका 'फेशन शो हिरो'हरूले पाँच वर्षसम्म फेशन प्रदर्शन गर्नका लागि आफ्नो सहयोगी टिम निर्माण गर्न लाग्ने छन् । सहयोगी टिमका सदस्यहरू पनि तुरुन्तै छनोट हुने छैनन् । त्यहाँ पनि अर्को 'प्रदेश मन्त्री फेशन शो' म्याराथन दौडको आयोजना गरिने छ । त्यसमा भने एउटै क्लबबाट पनि दर्जनौ धावकहरूले भाग लिने छन् । यो दोस्रो चरणको खेलमा रेफ्रीलाई परिक्रमा गर्ने, उनीहरूलाई प्रभु मानेर भजनकीर्तन गाउने, सके तत्क्षण नजराना चढाउने नभएपछि चढाउन प्रतिबद्धता जनाउने, सकेसम्म रेफ्रीको नातागोताभित्र परेको, नभए गोत्रसम्म मिल्नेहरू नै पहिलो छनोटको आधारमा छानिने छन् । त्यसपछि दोस्रो आधारमा आधी आकाशका हकदारे धावकहरूलाई र तेस्रो आधारमा खैरे कुइरेका मुलुकतिरबाट दानदक्षिणा लिएर चलाइएका एनजिओ आइएनजिओहरूबाट उक्साइएका र पालितपोषित 'दलित' 'सिमान्तकृत' जाति जनजातिका एक/दुई धावक छनोट हुने छन् । यो टिम ७ प्रदेशमा फरक-फरक संख्याको हुनेछ । सकेसम्म जमानाअन्सार जन्ती आकारका बनाइने छन् । किनकि यो पहिलो पटक प्रयोगमा ल्याइएको खेल भएकाले संक्रमणकालीय सुत्रको प्रयोग हुनेछ । यसरी यो मुख्यमन्त्री तथा प्रदेशमन्त्री फेशन शो प्रतियोगिता यस अवधिका लागि समाप्त हुनेछ ।

*१४ माघ २०७४*

kailubraha73@gmail.com

# 'पार्टीको केन्द्रीकृत नेतृत्वलाई बलियो बनाऊ'



● माओ ●

*केही कमरेडहरूले महत्वपूर्ण प्रश्नहरूलाई आत्मसात गर्ने कुराको महत्वलाई पर्याप्त रूपमा बुझ्नु हुन्न । उहाँहरूले 'आफैले महत्वपूर्ण प्रश्नहरूसँग चासो नदेखाउनु नोकरशाही प्रवृत्ति देखाउनु जस्तै हो र यो त्यत्ति गंभीर त्रुटी होइन' भन्ने दावी गर्नु हुन्छ र उहाँहरूले मान्नु हुन्छ कि 'महत्वपूर्ण विषयहरूमा चासो राख्ने कुरा खतरनाक हुन्छ, सहायक विषयहरूमा लाग्नु सुरक्षित हुन्छ ।' विषयलाई यसरी हेर्ने कुरा नितान्त गलत हो । 'उत्पादक शक्तिको सिद्धान्त'लाई अघि सार्ने लिन पियाओ र उसको गुटले 'राम्रो खेतीपाती गर्नु किसानहरूको राजनीति हो र मजदुरहरूको राजनीति राम्रोसँग काम गर्नु हो' भन्ने दावी गर्दथे । तिनीहरूको आपराधिक उद्देश्य पुँजीवादको पुनर्स्थापनाका निम्ति सर्वहारा वर्गको अधिनायकत्वलाई मिल्काउनु थियो । यसरी, हामीले हाम्रो समयलाई खास साना प्रश्नहरूमा बितायौं भने, वर्ग संघर्ष तथा दुईलाइन सघर्षलाई देख्छौं तर गहिरोगरी हेर्दैनौं भने र सुन्छौं तर गहिरोगरी ध्यान दिन्नौं भने हामीले धोका पाउने खतरा रहन्छ र धेरै समय पछि अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाबाट विचलित हुने, पार्टी तथा जनताका उद्देश्यहरूमा नोक्सान पुग्ने र पुँजीवादको पुनर्स्थापना गर्न चाहने वर्ग दुश्मनकालागि अनुकुल अवसर दिलाउने खतरा रहन्छ ।*

पार्टीको केन्द्रीकृत नेतृत्वलाई बलियो बनाउन सबै तहका पार्टी कमिटीहरूले पार्टीको आधारभूत कार्यदिशालाई आफ्नो प्रस्थान विन्दुको रूपमा ग्रहण गर्नु पर्दछ र महत्वपूर्ण विषयहरूलाई राम्ररी पक्डिनु पर्दछ । महत्वपूर्ण विषयहरूलाई राम्ररी पक्डिनु भनेको प्रधान अन्तरविरोधलाई पक्डिनु पर्दछ भनेको हो । अध्यक्ष माओले औल्याउनु भएको छ, 'दुई वा दुई भन्दा बढी अन्तरविरोधहरू भएका जटिल प्रक्रियाको अध्ययन गर्दा हामीले प्रधान अन्तरविरोधलाई पत्ता लगाउने कुरामा पुरा प्रयास गर्नु पर्दछ । प्रधान अन्तरविरोधलाई पक्डिए पछि सबै समस्याहरू छिटै समाधान गर्न सकिन्छ ।'

समाजवादको ऐतिहासिक अवधिभरि सर्वहारा तथा पुँजीपतिवर्ग र समाजवाद तथा पुँजीवादका बीचको संघर्ष हाम्रो देशको प्रधान अन्तरविरोध हो । त्यसकारण, महत्वपूर्ण प्रश्नहरूलाई पक्डिनुको अर्थ दुई वर्ग, दुई बाटा र दुई कार्यदिशाका बीचको संघर्षलाई पक्डिनु हो र यी महत्वपूर्ण प्रश्नहरूलाई पक्डिनुको अर्थ प्रधान अन्तरविरोधलाई पक्डिनु हो ।

अत्यन्त जटिल क्रान्तिकारी काममा सबै कुराको नेतृत्व गर्ने पार्टीले हो । पार्टीको केन्द्रीकृत नेतृत्व लागु गर्न पार्टी कमिटीहरू मूलतः वर्ग संघर्ष तथा दुईलाइन संघर्षको वरिपरि केन्द्रित हुनु पर्दछ । यस्तो किन हो भने, सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत वर्ग संघर्ष तथा दुईलाइन संघर्ष वस्तुतः सबै क्षेत्र, मोर्चा र संस्थाहरूमा रहन्छन् र तिनीहरूबाट अलग रहन संभव छैन । क्रान्तिकारी उद्देश्यका निमित्त निर्णायक महत्वका आधारभूत प्रश्नहरू– वर्गसंघर्ष र दुईलाइन संघर्षलाई पक्डेर मात्र पार्टी कमिटीहरूले सबै स्थितिमा समझदार बन्न, सबै काममा सर्वहारावादी राजनीतिक दिशाको पालना गर्न, विभिन्न खाले 'वाम' वा दक्षिणपंथी गलत प्रवृत्तिहरूले पैदा गरेका झमेलाको सामना गर्न, पार्टीका आधारभूत कार्यदिशा तथा सिद्धान्तहरूलाई दृढतापूर्वक लागुगर्न र सर्वहारा वर्गको अग्रदस्ताका हैसियतले संघर्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नेछन् ।

पार्टी कमिटीहरूका लागि यी महत्वपूर्ण प्रश्नहरू पक्डिन सक्ने हुन तिनीहरूले आफ्नो क्षेत्र र संस्थानमा निरन्तर र ध्यानपूर्वक आधार भूत वर्ग सम्बन्धलाई विश्लेषण गर्नु पर्दछ, वर्ग शक्तिहरूको सम्बन्धको स्थिति र वर्ग संघर्ष तथा दुईलाइन संघर्षका नयां प्रवृत्तिहरूलाई समय मै आत्मसात गर्न सक्नु पर्दछ । अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ कि हामीले 'राजनीतिक परिस्थितिको विश्लेषण गर्दा र वर्ग शक्तिहरूको मूल्यांकन गर्दा मार्क्सवादी-लेनिनवादी विधी लागु गर्न' सिक्नु पर्दछ । समाजवादी कालमा वर्ग संघर्ष जटिल हुन्छ र लामो समय चल्छ । साथै यसले दुश्मन र हाम्रा बीचमा र जनताका बीचमा रहने अन्तरविरोधहरूलाई समेटछ र यी अन्तरविरोधहरू एक आपसमा जेलिएका हुनाले तिनीहरूलाई सजिलो गरी छुट्याउन गाह्रो हुन्छ । यो स्थितिमा, क्रान्ति र निर्माणमा ठू-ठूला विजय प्राप्त गर्नका निम्ति समाजमा रहेका आधारभूत वर्ग सम्बन्धलाई बुझेर र गहिरो विश्लेषण गरेर मात्र वर्ग संघर्षका वस्तुगत नियमहरूलाई पक्डिन, पार्टीको आधारभूत राजनीतिक कार्यदिशा तथा सिद्धान्तहरूलाई सही ढङ्गले लागुगर्न, यी दुईथरि अन्तरविरोधहरूलाई छुट्याउन हाम्रा सच्चा मित्रहरूलाई एकतावद्ध गर्न र वास्तविक दुश्मनलाई आक्रमण गर्न संभव हुन्छ ।

पार्टी कमिटीहरू महत्वपूर्ण प्रश्नहरूलाई पक्डिनसक्ने हुनका लागि तिनीहरूले सबै काममा सर्वहारावादी राजनीतिलाई कमाण्डमा राख्नु पर्दछ, अतिआवश्यक तथा सामान्य प्रश्नहरू, राजनीतिक तथा व्यावसायिक, क्रान्ति र उत्पादन, लाल तथा निपूर्णका बीचको सम्बन्धलाइ ठीक ढङ्गले परिचालन गर्नु पर्दछ र सही वैचारिक तथा राजनीतिक कार्यदिशाले नेतृत्व गर्ने कुरालाई सुनिश्चित गर्नु पर्दछ । महत्वपूर्ण प्रश्नहरूलाई आत्मसात गर्नुको अर्थ तिनीहरूलाई सबभन्दा अगाडि राख्नु र तीनलाई पार्टी कमिटीका मिटिङ्गहरूमा महत्वपूर्ण प्रश्नका रूपमा कार्यसूचीमा संलग्न गर्ने हो । यसको अर्थ तिनीहरूले अरु कामलाई पन्छाउन वा ती काम अगाडि बढाउने कुराको महत्वलाई ईन्कार गर्न सक्छन भन्ने होइन बरु तिनीहरूलाई उचित स्थान दिनु पर्दछ भन्ने हो । उदाहरणका निमित्त, समाजवादी अर्थतन्त्रको विकास गर्नु र औद्योगिक तथा कृषी उत्पादनको नेतृत्व गर्नु महत्वपूर्ण कार्यभारहरू – समाजवादी अवधी भरीका कार्यभारहरू हुन र तिनीहरूलाई राम्ररी सम्पादन गर्नु पर्दछ । तर, तुलनात्मक रूपले हेर्दा वर्ग संघर्ष र दुईलाइन सघर्षलाई सफलतापूर्वक संचालन गर्ने काम पहिलोमा र उत्पादनको काम दोस्रोमा आउंछ । जस्तो लेनिनले औल्याउनु भएको थियो, 'अर्थनीति भन्दा राजनीति प्राथमिकतामा पर्दछ । अन्यथा तर्क गर्नु मार्क्सवादको कखरालाई बिर्सनु हो ।' यसरी महत्वपूर्ण विषयहरू र अन्य कामहरूका बीचमा मातहतको सम्बन्ध रहन्छ । हामीले उत्पादनमा मात्र ध्यान दियौं भने, अनि संशोधनवाद सत्तामा आयो भने र त्यसले पार्टी तथा राज्य कब्जा गर्‍यो भने त्यतिबेला मात्रा र गुण दुबै हिसाबले उत्पादनमा बृद्धि भए पनि त्यसको फल जमिन्दार र पुँजीपति वर्गले खोस्ने छ र यसले संशोधनवाद तथा पुँजीवादका निमित्त भौतिक आधार तयार पार्ने छ । सोभियत संघमा ख्रुश्चोभ-ब्रेजनेभ गुट सत्तामा पुगे पछि तिनीहरूले समाजवादी देशलाई सामाजिक साम्राज्यवादी देशमा बदलेका छन्, तिनीहरूले 'आकाशमा उपग्रह छाडेका छन् तर रातो झण्डालाई भुईमा गिराएका छन' यो हाम्रोलागि एउटा गंभीर पाठ हुनु पर्दछ । यसकारण, हामीले महत्वपूर्ण विषयहरू – वर्ग संघर्ष र दुईलाइन सघर्षमा चासो राखेनौ भनें, हामीले पार्टीको कार्यदिशा विर्स्यौं भने त्यतिबेला हामी अनिवार्यतः संशोधनवादमा पुग्ने छौं । हामीले



हामीले दुबैलाई एउटै धरातलमा राख्न सक्दैनौ, तिनलाई उल्टाउन त झनै सक्दैनौ । त्यसमाथि, उदाहरणको लागि उत्पादनको मोर्चामा यो कुन विचारले निर्देशित छ, यसले कुन दिशा पक्डेको छ र कुन बाटो तिर जादै छ भन्ने प्रश्न रहन्छ, अर्थात यहां पनि कार्यदिशाको प्रश्न आउंछ । यदि हामीले वर्ग संघर्ष र दुईलाइन सघर्षलाई ख्यालै नगरी उत्पादनमा मात्र लाग्यौ भने, यदि हामीले सर्वहारावादी राजनीतिलाई एकातिर थन्क्याएर उत्पादनका निमित्त मात्र उत्पादनमा लाग्यौ भने यसले उत्पादनलाई अगाडि बढाउन असंभव हुने मात्र होइन बरु हामीले हाम्रो दिशा नै बिर्सने खतरा रहन्छ, जुन अत्यन्त डरलाग्दो हुन्छ ।

केही कमरेडहरूले महत्वपूर्ण प्रश्नहरूलाई आत्मसात गर्ने कुराको महत्वलाई पर्याप्त रूपमा बुझ्नु हुन्न । उहाँहरूले 'आफैले महत्वपूर्ण प्रश्नहरूसँग चासो नदेखाउनु नोकरशाही प्रवृत्ति देखाउनु जस्तै हो र यो त्यत्ति गंभीर त्रुटी होइन' भन्ने दावी गर्नु हुन्छ र उहाँहरूले मान्नु हुन्छ कि 'महत्वपूर्ण विषयहरूमा चासो राख्ने कुरा खतरनाक हुन्छ, सहायक विषयहरूमा लाग्नु सुरक्षित हुन्छ ।' विषयलाई यसरी हेर्ने कुरा नितान्त गलत हो । 'उत्पादक शक्तिको सिद्धान्त'लाई अघि सार्ने लिन पियाओ र उसको गुटले 'राम्रो खेतीपाती गर्नु किसानहरूको राजनीति हो र मजदुरहरूको राजनीति राम्रोसँग काम गर्नु हो' भन्ने दावी गर्दथे । तिनीहरूको आपराधिक उद्देश्य पुँजीवादको पुनर्स्थापनाका निम्ति सर्वहारा वर्गको अधिनायकत्वलाई मिल्काउनु थियो । यसरी, हामीले हाम्रो समयलाई खास साना प्रश्नहरूमा बितायौं भने, वर्ग संघर्ष तथा दुईलाइन सघर्षलाई देख्छौं तर गहिरोगरी हेर्दैनौं भने र सुन्छौं तर गहिरोगरी ध्यान दिन्नौं भने हामीले धोका पाउने खतरा रहन्छ र धेरै समय पछि अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाबाट विचलित हुने, पार्टी तथा जनताका उद्देश्यहरूमा नोक्सान पुग्ने र पुँजीवादको पुनर्स्थापना गर्न चाहने वर्ग दुश्मनकालागि अनुकुल अवसर दिलाउने खतरा रहन्छ । हामीले यसलाई एक प्रकारको 'नोकरशाही प्रवृत्ति'को अभिव्यक्ति मात्र हो भनी कसरी भन्न सक्छौं ? हामीले बुझ्नु पर्दछ कि कार्यदिशा सही छ कि छैन भन्ने नहेरीकन यसलाई 'खतरा छैन' र 'यो गंभीर भूल होइन' भनी कसरी भन्न सक्छौं ?

यो सबैबाट हामीले देख्छौं कि पार्टी कमिटीहरूले महत्वपूर्ण प्रश्नहरूलाई आत्मसात गर्छन कि गर्दैनन् भन्ने कुरा सोच्ने र कामगर्ने तरीकासँग सम्बन्धित प्रश्न मात्र होइन, बरु यो त सिद्धान्तको मौलिक प्रश्न- उन्मुखीकरण र कार्यदिशासँग जोडिएको प्रश्न हो । पार्टीको केन्द्रीकृत नेतृत्वलाई बलियो बनाउन पार्टी कमिटीहरूले सधैं जुनसुकै परिस्थितिमा पनि पार्टीको आधारभूत कार्यदिशालाई दिमागमा राख्नु पर्दछ र वर्ग संघर्ष तथा दुईलाइन सघर्षको महत्वपूर्ण प्रश्नलाई गंभीरतापूर्वक ग्रहण गर्नु पर्दछ । कामहरू भारी भए पनि महत्वपूर्ण प्रश्नहरू छुटेका छैनन् भन्ने कुरालाई तिनीहरूले सुनिश्चित गर्नु पर्दछ र काम धेरै छ भने तिनीहरूलाई समय दिनु पर्दछ । तिनीहरूले आफ्नो चेतनाको स्तरलाई निरन्तर उठाईराख्नु पर्दछ र जहांसम्म महत्वपूर्ण कुराहरूलाई आत्मसात गर्ने कुरा छ दशौं महाधिवेशनले दिएका जुझारु कामहरूलाई अझ राम्रोगरी पुरागर्न प्रयत्न गर्नु पर्दछ ।

कम्युनिष्ट पार्टीका सदस्यहरू सचेतढंगले पार्टीको केन्द्रीकृत नेतृत्वअन्तर्गत रहनु पर्दछ र त्यसलाई जोगाईराख्नु पर्दछ

पार्टीको केन्द्रीकृत नेतृत्वलाई बलियो बनाउने र त्यसको नेतृत्वदायी भूमिकालाई सर्वहारा वर्गको अग्रपंक्तिमा ल्याउने कुरा उन्नत तत्वका रूपमा कम्युनिष्टहरूले पुरा गर्नु पर्ने भूमिकाबाट अलग गर्न सकिन्न । कम्युनिष्ट पार्टीका हरेक सदस्यहरूले यो भूमिकालाई पूर्णतः लागु गर्नु पर्दछ, सचेत ढङ्गले पार्टीको केन्द्रीकृत नेतृत्व अन्तर्गत आउनु पर्दछ र त्यसलाई जोगाईराख्नु पर्दछ ।


वैचारिक मोर्चामा, पार्टीको केन्द्रीकृत नेतृत्वलाई बलियो बनाउने विषयमा हामीले हाम्रो चेतनास्तरलाई माथि उठाउनु पर्दछ । वर्ग संघर्षको जटिल तथा स्थायी चरित्र, पार्टीमा चल्ने दुईलाइन सघर्ष र समाजवादको ऐतिहासिक अवधिभरि क्रान्ति तथा निर्माणमा कांध थाप्नुपर्ने हाम्रा गह्रौ कार्यभारहरूले हामीलाई पार्टीको केन्द्रीकृत नेतृत्वलाई बलियो पार्नु पर्ने बनाएको छ, कमजोर होइन । हाम्रो देशमा पुँजीवादको पुनर्स्थापना गर्ने र सर्वहारा वर्गको अधिनायकत्वलाई मिल्काउने तिनीहरूको प्रयत्नस्वरूप भित्री र बाहिरी दुबैथरी वर्गदुश्मनहरूले हाम्रो पार्टीलाई सधै आक्रमणको निसाना बनाउँदै आएका छन् । यो मार्क्सवादी-लेनिनवादी पार्टीलाई संशोधनवादी तथा फासीवादी पार्टीमा रूपान्तरण गर्ने र संपूर्ण चीनको रंग बदल्ने व्यर्थ आशा सहित हाम्रो पंक्तिभित्र पसेर र हाम्रा कार्यकर्तालाई आफ्नोतिर आकर्षित गरेर, तिनीहरूले हाम्रो पार्टीमा आफ्ना एजेण्टहरू तयारपार्न हर प्रयास गरेका छन् । यो स्थितिमा हामी अत्यन्त चतुर हुनु पर्दछ । केही कमरेडहरूले पार्टीको केन्द्रीकृत नेतृत्वलाई बलियो बनाउने कुरा नेतृत्व सँग जोडिएको विषय हो हामीसँग यसको सम्बन्ध छैन भन्ने सोच्दछन् । यो पुरै गलत कुरा हो । जस्तो स्तालिनले भन्नु भएको छ, 'पार्टीको नेतृत्व विना ... ... ... सर्वहारा वर्गको अधिनायकत्व असम्भव छ । सर्वहारा वर्गको अधिनायकत्वलाई हल्लाउन र कमजोर पार्नका निमित्त पार्टीलाई हल्लाउनु र कमजोर पार्नु पर्याप्त छ ।' यसरी, यो देखिन्छ कि सर्वहारावर्गका आधारभूत हितहरू पार्टी नेतृत्वको रक्षामा निर्भर गर्दछ र यो सर्वहारा वर्गको अधिनायकत्वको सुदृढिकरण तथा विकासमा भर पर्ने अत्यन्त महत्वपूर्ण प्रश्न हो । त्यसो हो भने, कसैले यो मेरो चासोको विषय होइन भनेर कसरी भन्न सक्छ ? पार्टीको केन्द्रीकृत नेतृत्वलाई मजबुत बनाउनुपर्ने कुराको महत्वबोध गर्न, पार्टीको केन्द्रीकृत नेतृत्वअन्तर्गत आउन र त्यसको रक्षा गर्नका निम्ति हरेक कम्युनिष्टले यी प्रश्नहरूलाई वर्गसघर्ष र दुईलाइन सघर्षको उन्नत दृष्टिकोणबाट हेर्नु पर्दछ ।

हामीले व्यक्ति र संगठनका बीचको सम्बन्धलाई राम्रोसँग परिचालन गर्नु पर्दछ, दृढतापूर्वक पार्टीको नेतृत्वमा रहनु पर्दछ र मनपरी गर्नु हुदैन । कम्युनिष्ट पार्टीको प्रत्येक सदस्य समग्रको एउटा अभिन्न अंग हो । उ कुनै एउटा पार्टी संगठनमा आवद्ध हुनु पर्दछ र त्यो संगठनको नेतृत्वमा उसले पार्टीको कार्यक्रम तथा कार्यदिशा लागु गर्न संघर्ष गर्नु पर्दछ । उसले पार्टी संगठनलाई रिपोर्ट दिने पद्धतिलाई कायम राख्नु पर्दछ, आफ्नो विचार र कामको अवस्था बारे संगठनलाई निरन्तर रिपोर्ट दिंदा उसले जनताका भावना तथा मागलाई प्रतिविम्वित गर्नु पर्दछ, पार्टी संगठनको सहयोग र समर्थनमा उसले पार्टी तथा जनताका बीचको सम्बन्धलाई बलियो पार्नु पर्दछ र राम्ररी पार्टीको काम गर्नु पर्दछ । हामीले व्यक्ति र संगठनका बीचको सम्बन्धलाई उल्ट्यायौं र व्यक्तिलाई संगठनभन्दा माथि राख्यौं भने हामीले पार्टीको केन्द्रीकृत नेतृत्वलाई कमजोर पार्ने छौं, यो निकै खतरनाक कुरा हो । पार्टी कमिटीको विभिन्न तहका (साधारण शाखा, शाखा) नेतृत्वदायी स्थानमा रहनु भएका कम्युनिष्टहरूका लागि यो प्रश्नमा ध्यान दिनु अझ बढी आवश्यक छ । आफ्नो जिम्मामा रहेको कामलाई सुधार्नका निमित्त आफुलाई बाहिर होइन भित्र राखेर तिनीहरू पार्टी कमिटीको केन्द्रीकृत नेतृत्व अन्तरगत रहनु पर्दछ । तिनीहरूले आफ्नो जिम्माको क्षेत्रबाट मात्र होइन समग्र स्थितिबाट सुरुगर्नु पर्दछ र तिनीहरूले हर हालतमा पनि कुनै क्षेत्र विभाग तथा ईकाईलाई एउटा 'स्वतन्त्र अधिराज्य' बनाउनु हुदैन । सबै तहका क्रान्तिकारी जनसंगठनमा जिम्मेदारी भएका कम्युनिष्टहरू आफ्नो तहका पार्टी संगठनको केन्द्रीकृत नेतृत्व अन्तरगत आउनु पर्दछ, निर्देशन माग्नु पर्दछ र संगठनलाई जति संभव छिटो रिपोर्ट गर्नु पर्दछ । साथै, माथिल्ला निकायको नेतृत्वमा तिनीहरूले सक्रियतापूर्वक तथा पहलकदमीसहित आफ्नो काम अगाडि बढाउनु पर्दछ । समग्रमा, कम्युनिष्ट पार्टीको हरेक सदस्यले संगठन र व्यक्तिका बीचको सम्बन्धलाई राम्ररी परिचालन गर्नु पर्दछ, दृढतापूर्वक पार्टीको नेतृत्वमा रहनु पर्दछ– राजनीतिक क्षेत्रमा आफ्नो मनपरि गर्नु हुदैन, सांगठनिक क्षेत्रमा एक तरीकाले सोच्ने अर्को तरीकाले गर्ने गर्नु हुदैन, काममा आफैलाई सबभन्दा मेहनती ठान्नु हँदैन– र उदाहरणीय रूपमा पार्टीको केन्द्रीकृत नेतृत्वको रक्षा गर्नु पर्दछ ।

हामीले पार्टीको केन्द्रीकृत नेतृत्वलाई कमजोर पार्ने र नोक्सान पुऱ्याउने गलत शव्द र कामकाविरुद्ध दृढतापूर्वक संघर्ष गर्नु पर्दछ । पार्टीको केन्द्रीकृत नेतृत्वलाई मजबुत बनाउन र जोगाई राख्न चाहनेहरू र त्यसलाई कमजोर पार्न तथा नोक्सान पुऱ्याउन चाहनेहरूका बीचको संघर्ष लामो समयसम्म चलिरहन्छ र सर्वहारा वर्गको अधिनायकत्वलाई सुदृढ गर्नका निमित्त हरेक कम्युनिष्टले पार्टीको केन्द्रीकृत नेतृत्वलाई साहसपूर्वक माथि उठाउन आफुलाई समर्पित गर्नु पर्दछ । लिउ शाओ ची, लिन पियाओ, त्यस्तै अन्य ठगहरू र साथै पुँजीवादी बाटो लिएर पार्टीमा घुसेका र प्राधिकारको स्थानमा पुगेका मूठ्ठीभर व्यक्तिहरूले निश्चित रूपमा पार्टीको चरीत्र, कार्यक्रम तथा कार्यदिशा बदल्नका निम्ति पार्टीको नेतृत्वलाई ध्वस्त गर्ने काममा चासो राख्दथे । लिउ शाओ ची र लिन पियाओ पराजित भएका छन् तर संघर्ष कुनै तरीकाले पनि टुङ्गिएको छैन । भविष्यमा तिनीहरू जस्तै पार्टीको केन्द्रीकृत नेतृत्वलाई ध्वश गर्न षडयन्त्र गर्ने व्यक्तिहरू अगाडि आउने छन् । यसकारण, पार्टीको केन्द्रीकृत नेतृत्वलाई ध्वस्त पार्ने उद्देश्य राखेका लिउ शाओ ची र लिन पियाओ मार्काका ठगहरूले रचेका षडयन्त्रलाई दुरुत्साहित गर्न हामीले हाम्रा आंखा खुला राख्नु पर्दछ र सतर्कतालाई बढाउनु पर्दछ । हामीले ज्वार भाटाका विरुद्ध जाने क्रान्तिकारी स्पिरिट सहित तिनीहरूसँग दृढतापूर्वक संघर्ष गर्नु पर्दछ । हाम्रो पंक्तिमा अरुलाई भन्दा आफुलाई उत्कृष्ट ठान्ने, घमण्डी, पार्टीको केन्द्रीकृत नेतृत्वको सम्मान नगर्ने, आफ्नो मनखुसी कामगर्ने र महत्वपूर्ण कामलाई आफैले मात्र परिचालन गर्न चाहने कमरेडहरू हुनुहुन्छ । हामीसँग पार्टी सम्बन्धि दरो अवधारणा नभएका, आफ्नो जिम्मेवारीको क्षेत्रमा पार्टी संगठनबाट प्रशस्त निर्देशन नमाग्ने र रिपोर्ट नबुझाउने कमरेडहरू पनि हुनु हुन्छ । पार्टीको केन्द्रीकृत नेतृत्वलाई एक पक्षीय ढङ्गबाट हेर्ने अरु कमरेडहरू अझै पनि छन्, तिनले पार्टीको नेतृत्व अन्तरगत रहनु भनेको साना-ठूला सबै विषयमा पूरै यसमाथि भर पर्नु पर्दछ र ती विषयमा कुरागर्दा सधै पार्टी कमिटीको स्वीकृति लिनु पर्दछ भन्ने अर्थमा बुझ्दछन् । यसरी तिनीहरूले कमिटीलाई महत्वपूर्ण प्रश्नहरू ग्रहणगर्नबाट रोक्छन् । यी सबै त्रुटिहरूले पार्टीको केन्द्रीकृत नेतृत्वलाई बलियो बनाउने प्रक्रिया कमजोर पर्न जान्छ । तिनलाई सच्याउनको निमित्त हामीले विभिन्न विषयमा रहेका भिन्नतालाई छुट्याउनु पर्दछ, कार्यदिशासँग कुन कुरा जोडिएको छ भन्ने हेर्नु पर्दछ र ती कमरेडहरूको बुझाईलाई माथि उठाउन र दृष्टिकोणलाई सच्याउन सहयोग गर्नु पर्दछ । कम्युनिष्ट पार्टीको प्रत्येक सदस्यले उसको पार्टी सम्बन्धि अवधारणालाई र सर्वहारावादी पार्टी स्पिरिटलाई बलियो बनाउनु पर्दछ, उसले पार्टीको केन्द्रीकृत नेतृत्वको सम्मान गर्ने चेतनालाई माथि उठाउनु पर्दछ र यस्तो नेतृत्वलाई कमजोर बनाउने र ध्वस्त पार्ने उद्देश्यले तयार गरिएका गलत योजनाहरूलाई विफल पार्नु पर्दछ ।

*(चिनियाँ कम्युनिष्ट पार्टीबारे आधार भूत बुझाई, (सांघाई १९७४) फ्रान्सेली संस्करणबाट अनुदित, पुस्तकबाट)*

# हामी नयाँ नेपाल निर्माण गर्न चाहन्छौं



• पुष्पगोपाल श्रेष्ठ •

कुनै व्यक्तिले रहर गर्दैमा र चाहँदैमा वा पार्टी विशेषले क्रान्तिकारी योजना बनाउँदैमा क्रान्ति भइहाल्ने र हुने होइन। क्रान्ति हुन र गर्न त्यसको निम्ति आवश्यक पृष्ठभूमि निर्माण गर्न जरुरी हुन्छ। क्रान्तिको निम्ति क्रान्तिकारी सिद्धान्त मार्क्सवाद-लेनिनवादी-माओवादीमा आधारित क्रान्तिकारी पार्टी हुनु जरुरी छ, यसै क्रान्तिकारी पार्टीको नेतृत्वमा राष्ट्रिय संयुक्त मोर्चा, क्रान्तिकारी जनसेनाहरूका साथै जनाधारको ठूलो खाँचो पर्दछ। जनाधार सितिमिति बन्दैन। जनाधार निर्माण गर्ने भन्ने कुरो ठट्टाको विषय होइन। त्यसको निमित्त सर्वुप्रथम आफूभित्र क्रान्ति गरी, भित्रैदेखि सच्चा दिलले क्रान्तिप्रति समर्पित भई देश र जनताप्रति पूर्ण इमान्दारितासाथ आमजनताको तत्कालीन समस्या गाँस, बास, कपास अर्थात दैनिक उपभोग्य सामान नुन, खाने तेल, चामल, इन्धनलगायत रोग, स्वास्थ्य रक्षा र अन्य सामाजिक समस्याहरू समाधान गर्न सहयोगी भूमिका निर्वाह गर्नुपर्छ। सारांशमा भन्नुपर्दा आमजनताको दैनिक जीवनमा आइपर्ने सारा व्यावहारिक समस्याहरूप्रति गम्भीर ध्यान जानुपर्छ। यसरी हामीले उपर्युक्त समस्याहरूप्रति ध्यान दिई, त्यसको समाधान गर्छौं भने उनीहरूको दिल-दिमागमा हामी आमजनताको भलाइका सच्चा संगठनकर्ता बन्ने छौं र उनीहरू हाम्रो वरिपरि साँच्चिकै एकत्रित हुने छन् र दिलैदेखि समर्थन मात्र हैन, क्रान्तिको अन्तिम पाइलासम्म हामीसँग काँधमा काँध मिलाई अगाडि बढ्ने छन्।

अहिलेको हाम्रो अभिभारा हो नयाँ जनवादी क्रान्तिमा भाग लिन व्यापक जनतालाई परिचालन गर्नु, जुन क्रान्तिद्वारा साम्राज्यवाद र भारतीय विस्तारवादका दलाल, नोकरशाही पुँजीवादी तथा सामन्तवादीहरूको कब्जामा रहेको प्रतिक्रियावादी राज्यसत्ताको तख्ता पल्टाउनु सँगै मुलुकभर क्रान्तिलाई फैलाउनु र नेपालबाट साम्राज्यवाद तथा भारतीय विस्तारवादलाई धपाएर पठाउनु। यस केन्द्रीय अभिभारालाई अत्यन्तै महत्वका साथ चिन्तनमनन गरी व्यवहारतः कार्य क्षेत्रमा उत्रनु क्रान्तिकारी पार्टीका प्रत्येक क्रान्तिकारीहरूको नैतिक दायित्व हो। जसले यस केन्द्रीय अभिभारालाई पर्याप्त महत्व दिई कार्य क्षेत्रमा उत्रँदैन त्यो असल क्रान्तिकारी नेता कार्यकर्ता कहलाउन सक्तैन र असल नेता कार्यकर्ता होइन। असल क्रान्तिकारीहरूले यस केन्द्रीय अभिभारालाई अपहेलना र कम मूल्यांकन गर्दैनन्। किनभने नयाँ जनवादी क्रान्ति आमजनताको क्रान्ति हो र आमजनतालाई परिचालन गरेर र उनीहरूमाथि भरोसा राखेर नै जनवादी क्रान्तिलाई अगाडि बढाउन सकिन्छ। फेरि यो नसोचौं कि जनवादी क्रान्तिका लागि जनतालाई सञ्चालित गर्नु नै पर्याप्त छ, अरु यसको लागि केही काम गरिरहनु आवश्यक छैन। यस्तो सोचाई बिल्कुल गलत कुरा हुन्। जनवादी क्रान्तिको निमित्त अरु धेरै कामहरू गर्नुपर्छ, अर्थात क्रान्तिकारी कम्युनिष्टहरू देश र जनताको तात्कालिक समस्याहरूलगायत जनताको अन्य भलाई हुने काममा दिलो ज्यानले लाग्नुपर्छ।

क्रान्तिकारीहरूले अत्यन्तै महत्वका साथ बुझ्नुपर्ने कुरो भनेको हामी क्रान्तिकारी आन्दोलन (जनवादी क्रान्ति, युद्ध)का नेता तथा कार्यकर्ता र साथै आमजनताको जीवनका नेता र संगठन कर्ता पनि हौं। नयाँ जनवादी क्रान्तिको संगठन गर्नु र आमजनतालाई परिचालन गर्नु हाम्रा दुइटा प्रमुख अभिभारा हुन्। यस सम्बन्धमा हाम्रो सामुन्ने कार्य-तरिकाको गम्भीर समस्या विद्यमान छ। जस्तो कि शहरभित्रको चालु सडकमा जेब्राक्रसको रेखा मात्र कोरेर त्यसलाई उपयोग बिना बेवारिसे गरेर छोडे जस्तै गरी, अभिभारा निर्धारित गरेर मात्र पुग्दैन, हामीले त्यसलाई पूरा गर्ने कार्य-तरिकाको समस्या पनि समाधान गर्नुपर्छ। भन्नुको मतलब समुद्र र ठूलठूला नदीनाला तर्न पानीजहाज र डुंगाबिना तर्न सक्दैनौं। पानी-जहाज र डुङ्गाको समस्या हल नगरीकन समूद्र र नदि-नाला तर्ने कुरो गर्नु व्यर्थ छ। त्यसै गरी तरिकाको समस्या हल नगरीकन अभिभाराबारे चर्चा गर्नु निरर्थक छ। हामी अभिभारालाई निर्धारित मात्र गर्छौं र त्यसलाई पुरागर्ने तरिकामा ध्यान दिँदैनौं, हामी नौकरशाही कार्य-तरिकाको विरोध गर्दैनौं र व्यावहारिक तथा ठोस कार्य-तरिका अपनाउँदैनौं र धैर्यपूर्वक सम्झाउने-बुझाउने तरिका अपनाउँदैनौं भने हामीले हाम्रो कार्यभार पूरा गर्न सक्दैनौं।

> हामी अहिले पनि पुँजीवादी-जनवादी क्रान्तिकै चरणमा छ भन्ने कुरामा कुनै शंका छैन। किनभने नेपालमा राजनीतिक वस्तुस्थिति जस्ताकोतस्तै अर्ध-सामन्ती र अर्धऔपनिवेशिक नवऔपनिवेशिक स्थिति नै छ भने, राज्यसत्तामा पनि साम्राज्यवादी एवम् भारतीय विस्तारवादीहरूका दलाल, नोकरशाही पुँजीवादी तथा सामन्तवादीहरूकै हालीमुहाली कायम रहिआएको छ। त्यसमा कुनै हेरफेर भएको छ भने ती नै साम्राज्यवाद विस्तारवादका नयाँ दलाल १० वर्षीय महान् जनयुद्धका ढोकेबाज लालगद्दारहरू संसदीय गदरमा संसद्वादीहरूको जुठोपुरो खान लेसोभैं टाँस्न पुगेका छन्। जसले गर्दा नेपालको राष्ट्रिय स्वाधीनतामाथि अरु जटिल स्थिति सृजना हुनपुग्नुको सँगै जनतन्त्र र जनजीविका झन् दिनानुदिन संकटग्रस्त हुँदै गइरहेको छ

यसो भनिरहनुको अर्थ अवश्य पनि यो होइन कि जनपरिचालन गर्ने भन्नुको मतलब मुलुकका आमजनतालाई पूरैसित वा धेरैथोर पूरैसित आफ्नो पक्षमा तानिसके पछि मात्र जनवादी क्रान्ति अर्थात राष्ट्रव्यापी सशस्त्र बिद्रोह चलाउन सकिन्छ, जुन विद्रोह जनसेनाको सहभागिताबाट एउटा महान राष्ट्रव्यापि क्रान्ति बन्ने छ, हामीले पहिले मुलुकव्यापी मात्रामा र सबै प्रदेशहरूमा आमजनतालाई आफ्नो पक्षमा ल्याउनु पर्छ र अनि मात्र जनवादी क्रान्तिको पहलकदमी लिनुपर्छ भन्ने सोच नेपाली क्रान्तिकारी वस्तुस्थितिसित मेल खाँदैन। किनकि नेपालको राजनीतिक वस्तुस्थिति अहिले पनि अर्धसामन्ती तथा अर्धऔपनिवेशिक, नवऔपनिवेशिक स्थिति हुनुको सँगै साम्राज्यवादी शक्तिहरूको विशेषतः भारतीय विस्तारवादीको प्रत्यक्ष राजनीतिक हस्तक्षेप रहिआएको छ।

क्रान्तिकारी कम्युनिष्टहरूले यो कदापि भुल्नु हुन्न कि जनाधारबिना क्रान्ति सम्भव छैन र हुन्न। यसर्थ क्रान्तिकारी कम्युनिष्टहरूले हरहमेसा राजनीतिक नारा र राजनीतिक क्रियाकलाप सँगसँगै जनाधार तयार पार्ने काममा समेत विशेष जोडबल लगाउनु जरुरी छ। जनाधार तयार (निर्माण) पार्ने भन्ने कुरो त्यति सजिलो छैन र फेरि त्यतिकै कठिन पनि हैन। मूलतः त्यसको निमित्त सर्वप्रथम आफूभित्र क्रान्ति गरी मानसिक रूपले तयार भई क्रान्तिप्रति लगाव र जनताप्रति इमान्दारिता हुनु जरुरी छ। जनशक्ति अजेय शक्ति हो। जनशक्ति भनेको फलामको सच्चा किल्ला हो, अर्थात क्रान्तिलाई साँच्चिकै र दिलैदेखि समर्थन गर्ने करोडौं जनता हुन् फलामे किल्ला जसलाई विश्व इतिहासमा आजसम्म कोही कसैले ध्वस्त पार्न सकेका छैनन्। बरु उल्टो विश्वका बडेबडेमानका भनिएका तानाशाहीहरूको तख्ता जनताले ध्वस्त पारी ती तानाशाहहरूलाई आफ्नो सामू घुँडा टेकाएको इतिहास छ। जनशक्ति परिचालन (सञ्चालन) गर्न सच्चा कम्युनिष्टहरूको हृदय विशाल हुनुपर्छ र उसले निष्ठावान र सक्रिय हुनुपर्छ। उसले क्रान्तिका स्वार्थहरूलाई आफ्नो प्राणभण्डा बढी मूल्यवान ठान्नुपर्छ र आफ्नो व्यक्तिगत स्वार्थलाई क्रान्तिको स्वार्थमुनि राख्नुपर्छ। उसले हरेक ठाउँमा र सधैं नै सही सिद्धान्तमा डट्नैपर्छ र सबै गलत विचारहरू र गलत कार्यहरूको विरुद्ध अथक संघर्ष चलाउनु पर्छ। जसबाट पार्टीको सामुहिक जीवनलाई सुदृढ पार्न र पार्टी र जनसमूह माझको सम्बन्धलाई दरिलो पार्न सकियोस्। उसको कुनै व्यक्तिविशेषबारे भन्दा पार्टी र जनसमूहको बढी चिन्ता लिनुपर्छ र आफ्नैबारे भन्दा अरु मानिसहरूको बारेमा बढी चिन्ता लिने गर्नुपर्छ।

त्यसैगरी हामीले अत्यन्तै महत्वका साथ ध्यान पुऱ्याउनुपर्ने कुरा नेताले कायकर्तालाई सिकाउनु पहिला कार्यकर्ताहरूबाट नेताले सिकिलिनु पर्छ। त्यसपछि उनीहरूबाट लिएको विषयवस्तुहरूको सारतत्व केलाएर फेरि तिनै कार्यकर्ताहरूलाई त्यो सारतत्वबाट प्रशिक्षित तुल्याउने काम गर्नुपर्दछ।

यो प्रक्रिया अपनाउने भनेको क.माओको दिव्य उपदेश 'जनता हाम्रो चेला होइन, जनता त हाम्रो गुरु हो' को यथार्थतालाई व्यवहारमा उतार्नु हो। यस प्रक्रियाअन्तर्गत जनताले दैनिकी जीवनीबाट सुखद दुःखद अनुभूतिहरू ग्रहन गर्दै गरेका तितामीठा अनुभूतिहरू प्राप्त गर्न सर्वप्रथम उनीहरूसँग हेलमेल बढाएर उनीहरूको विश्वास जित्न सक्नुपर्दछ। यसो हेलमेल बढाउनुपर्छ भनेर फेरि तिनीहरूमाझ दुई/चार मीठा मीठा कुरा गरेर, सानोतिनो उदार कार्य गर्दैमा विश्वास गरिहाल्छ भन्ने कुरो होइन। हेलमेल हुनु भनेको उनीहरूको सुखदुःख पनि आफ्नै सम्झी हरहमेसा साथ रहेर आत्मीयता जताउनु हो। त्यसपछि मात्र विस्तारै उनीहरूले भोग्नु परिरहेका सुखद एवम् दुःखद जीवनीको यथार्थता सुनाउन थाल्ने छन्।

यसरी कार्यकर्ताहरूले जनताबाट ग्रहण गरी ल्याएका विषय वस्तुलाई मन्थन गरेर निकालेको गुडिलाई पार्टीका नेतृत्वतहकाले ग्रहण गरी फेरि त्यसलाई मन्थन गरेर त्यसबाट गुडि निकालेपश्चात् कार्यकर्तालाई प्रशिक्षित तुल्याई, त्यो गुडिको सारतत्वलाई प्रष्ट बुझ्ने गरी जनतातिर नै फर्काइ क्रान्तिको निमित्त आवश्यक पृष्ठभूमि निर्माण (तयारपार्नु) गर्नु यो नै एक मात्र उत्कृष्ट उपाय हो।

हामी अहिले पनि पुँजीवादी-जनवादी क्रान्तिकै चरणमा छ भन्ने कुरामा कुनै शंका छैन। किनभने नेपालमा राजनीतिक वस्तुस्थिति जस्ताकोतस्तै अर्ध-सामन्ती र अर्धऔपनिवेशिक नवऔपनिवेशिक स्थिति नै छ भने, राज्यसत्तामा पनि साम्राज्यवादी एवम् भारतीय विस्तारवादीहरूका दलाल, नोकरशाही पुँजीवादी तथा सामन्तवादीहरूकै हालीमुहाली कायम रहिआएको छ। त्यसमा कुनै हेरफेर भएको छ भने ती नै साम्राज्यवाद विस्तारवादका नयाँ दलाल १० वर्षीय महान् जनयुद्धका ढोकेबाज लालगद्दारहरू संसदीय गदरमा संसद्वादीहरूको जुठोपुरो खान लेसोभैं टाँस्न पुगेका छन्। जसले गर्दा नेपालको राष्ट्रिय स्वाधीनतामाथि अरु जटिल स्थिति सृजना हुनपुग्नुको सँगै जनतन्त्र र जनजीविका झन् दिनानुदिन संकटग्रस्त हुँदै गइरहेको छ।

यस्तो कहालिलाग्दो स्थितिबाट देश र जनतालाई मुक्ति र स्वतन्त्रताको निमित्त पूर्णतः नयाँ जनवादी क्रान्ति अपरिहार्य छ। जसमार्फत् साम्राज्यवाद एवम् भारतीय विस्तारवादका दलाल नोकरशाही पुँजीवादी तथा सामन्तवादीहरूको प्रतिक्रियावादी (कठपुतली) तख्ता पल्टाई, साम्राज्यवाद तथा भारतीय विस्तारवादलाई धसाएर पठाउनुको सँगै शहर बजारमा दलालहरूको शक्ति र प्रभावलाई निर्मूल पार्दै, गाउँ, तराई र भित्री मधेसमा सामन्ती सम्बन्धहरूलाई ध्वस्तपारी नेपालमा जनवादी व्यवस्था खडा गरि यसै माध्यम वैज्ञानिक समाजवादतिर लम्कने उद्देश्यका साथ संगठन विस्तार र जनपरिचालन गर्ने तीनमहिने अभियान सञ्चालन हुनगइरहेको छ। यस अभियानमा विशेषतः संगठन विस्तारको क्रममा कामरेडहरू बढी चनाखो हुनुको सँगै पूर्ण सचेतता अपनाई जागरुक रहिरहनु आवश्यक छ। त्यसो त हामीसित विगतका घटना (पार्टीगत एकता र पार्टीमा नयाँ सदस्यहरू भित्र्याउनु) को कटु अनुभव नभएका होइनन्। र पनि त्यसै कटु अनुभवबाट पाठ सिक्दै, वर्तमान राजनीतिक पृष्ठभूमिभित्रको आवश्यकताअनुरूप क्रान्तिकारीहरूको ध्रुवीकरण र पार्टीगत एकताको क्रममा क्रान्तिकारी आवरणमा पदलोलुप तत्वहरू, संगठन विस्तार र पार्टीभित्र कति पनि धुस्न नपाओस् भनी प्रत्येक जिम्मेदार कमडेरहरू सुत्दा पनि सचेतताको आँखा खुल्लाको खुल्लै राखी जागरुक भई बस्नु अत्यावश्क छ।

पदलोलुपहरू क्रान्तिका शत्रु हुन्, क्रान्ति विरुद्ध श्वेत (सेतो) आतंक मचिन थालेपछि यिनीहरू उतैतिर पल्टेर पार्टीविरुद्ध भित्रभित्रै खरो रूपले उत्रन पछि पर्ने छैनन्। तसर्थ पदलोलुप (अवसरवादी) तत्वहरूलाई पार्टी प्रवेशमा कडाइका साथ निषेध गर्नैपर्छ। यस्ता गलत तत्वहरूलाई कुनै अर्थमा पनि पार्टी प्रवेशमा छुट दिनुहुन्न। अन्यथा फेरि पनि देश र जनताको आवश्यकता र चाहनामाथि कुठाराघात नहोला भन्न सकिन्न।

हामी हरहालतमा पनि नेपालमा नयाँ जनवादी क्रान्तिद्वारा देशका तमाम शोषितपीडित जनताको अमनचयन कायम गरी खुसहाल जिन्दगीयापन गर्न गराउन, काल्पनिक समाजवाद होइन, नयाँ जनवादमार्फत सर्वहारा वर्गीय अधिनायकत्वमा आधारित वैज्ञानिक समाजवाद हुँदै साम्यवाद चुम्न हामी नौलो नेपाल निर्माण गर्न चाहन्छौं।

*२०७४/१०/०५ ताहाचल, काठमाडौं*

---

## केही टिपोटहरू

# कम्युनिष्ट पार्टी निर्माणमा श्रमको भूमिका



• केबी गुरुङ •

> आज विश्वको आम चरित्र पुँजीवाद र समाजवाद बिचको संघर्ष हो। तर नेपाल जस्ता पुँजीवादको विकास नभएका देशमा भने पुँजीवादी क्रान्तिको आवश्यकता विद्यमान छ, तर नयाँ तरिकाले। जसलाई नयाँ जनवादी क्रान्ति भनिन्छ।

कम्युनिष्ट पार्टी श्रमिक सर्वहारा वर्गको पार्टी हो। त्यस अर्थमा कम्युनिष्ट बन्नको लागि श्रम अनिवार्य सर्त हो। तर आज कम्युनिष्ट पार्टीका सदस्यहरूमा मेहनत परिश्रम गर्न हिच्किचाउने व पन्छिने प्रवृत्ति बढ्दै गएको छ। अझ सामूहिक उद्देश्य र सामूहिक श्रमको त कुरै नगरौ। पद, प्रतिष्ठा र पैसातिरको घ्याउन्नेको प्रवलता बढ्दै गरेको छ। अनि कसरी बनिन्छ, त कम्युनिष्ट पार्टीको असल सदस्य। अनि असल सदस्यको अभावमा कसरी बान्छ, क्रान्तिकारी कम्युनिष्ट पार्टी। यो आजको गम्भीर र ज्वालन्त प्रश्न क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माणको सामु उभिएको छ। जसको हल खोज्नु ढिला गर्नु हुन्न।

बादरबाट मान्छे बन्नमा श्रमको भूमिका भन्ने एङ्गेसको लेखमा जुनसुकै काम गर्नमा प्रमुख भूमिका भएको हात र स्वयं मानव बन्नुमा श्रमको नै प्रमुख भूमिका रहेको उल्लेख गरिएको छ। जसरी हात स्वतन्त्र हुनमा श्रमको भूमिका रहेको थियो, त्यसरी नै कम्युनिष्ट पार्टीको सदस्य बन्नको लागि मिहिनेत परिश्रम गर्नु अनिवार्य छ। किन कि आबश्यक श्रम वेगर न त सैद्धान्तिक र बैचारिक अध्ययन नै गर्न सकिन्छ, न त आर्थिक उपार्जनको काम गर्न सकिन्छ, न त क्रान्तिको चुरो कुरो वर्ग संघर्ष नै चलाउन संभव हुन्छ। तसर्थस आज क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माणमा पार्टी सदस्यहरूले क्रान्तिलाई केन्द्रमा राखेर मिहिनेत परिश्रम गर्ने परिपाटी बसाल्नुको विकल्प छैन।



**श्रम प्रतिको दृष्टिकोणः**

आज नेपाली समाजमा श्रम प्रतिको दृष्टिकोण मूलतः सामन्तवादी रहेको छ। जो श्रम गर्नेलाई सानो र तुच्छ मान्ने। उनीहरूलाई हेयको दृष्टिले हेर्ने र हेला गर्ने। श्रम गर्नु लाजको विषय सम्झने र श्रमिकहरूलाई अनादर गर्ने गरिन्छ। त्यसको परिणाम आफ्नो घरमा, गाउँ समाजमा र देशमा समेत काम गर्न लाज मान्ने र बिदेशमा गएर भने जस्तो पनि काम गर्ने आम प्रचलन जस्तो भएको छ। कम्युनिष्ट पार्टीको सदस्यहरू पनि यसबाट अछुत छैन। तसर्थस श्रम र श्रमिकहरू प्रतिको उपर्युक्त प्रकारको दृष्टिकोणमा ब्यबहारत परिवर्तन गर्न कम्युनिष्ट पार्टीको सदस्यहरूले प्रथमतः स्वयंलाई रूपान्तरण गर्दै सिंगो समाजको आमूल परिवर्तनको नेतृत्वदायी भूमिका अदा गर्नु आवश्यक छ।

**स्वाभिमान, स्वाधीनता र स्वतन्त्रताः**

हिजो आज नेपाली राजनीतिक सतहमा समृद्धि, सम्पन्नता र नयाँ नेपाल बनाउने कुरा निकै चर्चा परिचर्चा भैरहेको छ। तर प्रायः ती ब्यक्ति र दलहरू स्वाभिमान र स्वाधीनता भन्दा दासता र दलालीको भारले थिचिएका छन्। स्वाभिमान गुमे दासता र स्वाधीन नभए दलाली गर्नुको विकल्प हुँदैन। कुनै पनि ब्यक्ति , समाज र राष्ट्र स्वाभिमान र स्वाधिन नरहे स्वतन्त्र हुन सकदैन। स्वतन्त्रताको लागी स्वाभिमान र स्वाधीनता अनिवार्य आबश्यक्ता हो भने संवृध्दी र सम्पन्नताको लागि स्वतन्त्रता। तर आज नेपाली समाजमा स्वाभिमान, स्वाधीनता र स्वतन्त्रताको अभाव खड्कदो छ भने दासता, दलाली र परनिर्भरता बढ्दो छ।

अबश्य पनि संवृध्द र सम्पन्न नेपाली समाज नेपाली जानताको चहाना र आबश्यक्ता हो। तर वास्तविकता के हो भने नेपाली समाजको आर्थिक, राजनीति र समाजिक सांस्कृतिक पक्ष लामो कालखण्ड देखि सत्तासिन वर्ग, समुदाय, ब्यक्ति र दलहरूका कारण पराधिन र परनिर्भरताको चपेटामा परिरहेको छ। त्यसको दुस्परिणाम जनतामा दास मनोवृत्तिले घर गरेको छ भने सत्तासिनहरूमा शक्ति केन्द्रहरूको चाकरी र दलालीको निरन्तरतामा बढोत्तरी भैरहेको छ।

वास्तविक नेपाली समाजको संवृध्द र सम्पन्नताको लागि सर्वप्रथम, नेपाली समाजलाई स्वाभिमानी, स्वाधीन र स्वतन्त्रता बनाउनु अनिवार्य छ। नेपाली समाजलाई पराधिन त परनिर्भरतामा धकेल्ने दलाल र नोकशाहहरूको सत्तालाई उखेल्नु अनिवार्य छ। अनि मात्र बन्छ, सुन्दर संवृध्द र सप्पन्न नेपाल

**समाजवद र पुँजीवाद अन्तरको सारतत्वः**

आज विश्वको आम चरित्र पुँजीवाद र समाजवाद बिचको संघर्ष हो। तर नेपाल जस्ता पुँजीवादको विकास नभएका देशमा भने पुँजीवादी क्रान्तिको आबश्यक्ता विधमान छ, तर नयाँ तरिकाले। जसलाई नयाँ जनवादी क्रान्ति भनिन्छ।

वस्तु उत्पादनको अनिवार्य आवश्यकता सामूहिक श्रम, पुँजीवादी र समाजवादी दुबै उत्पादनमा समान हुन्छ। तर उत्पादनमा सामूहिकता र स्वामित्व निजित्वका सथै वितरणमा असमानता पूजँवादीको मूल चरित्र हो भने सामूहिक उत्पादनमा स्वामित्व पनि सामूहिक र वितरणमा पनि समानता (सापेक्षिक) हुने समाजवादको प्रमुख विशेषता हो। यीनै मूल चरीत्र र प्रमुख विशेषता नै पूजँजीवाद र समाजवाद बीच अन्तरको सारतत्व हो।

वस्तु उत्पादनमा श्रम सामूहिक लाग्ने तर उत्पादित वस्तुमा स्वामित्व निजि र वितरणमा असमनता हुने पुँजीवादी चरीत्र अन्यायपूर्ण भएको प्रष्ट हुन्छ भने उत्पादनमा सामूहिक श्रम लाग्ने भएकाले स्वमित्व सामूहिक र सार्वजनिक तथा वितरणमा समानता हुने समाजवादी विशेषता न्यायपूर्ण भएको स्वतः स्पष्ट छ।

# संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले समाजवाद आउँदैन

*जबसम्म पुँजीवाद हतियारले लैस हुन्छ, तबसम्म क्रान्ति पनि सशस्त्र हुनु अनिवार्य छ ।'*

***- भ्लादिमिर इल्यिच लेनिन***



● हस्तबहादुर केसी ●

- वर्गसंघर्ष तथा इतिहासमा बलप्रयोग भूमिका, अतिरिक्त मूल्यको सिद्धान्त, सर्वहारावर्ग हातमा राज्यसत्ता अर्थात् बैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यता हुन् ।

मार्क्सवाद सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक हतियार हो । वर्गीय समाजमा वर्ग संघर्षविना, इतिहासमा बल प्रयोगको भूमिकाविना कहिपनि पनि कहिल्यै पनि एक वर्गले अर्को वर्गलाई परास्त गरेर सत्ता प्राप्त गरेको इतिहास छैन । त्यसो भएर नै मार्क्सवादका प्रवर्तक कार्ल मार्क्सले भन्नु भएको छ- 'आजसम्मको इतिहास वर्गसंघर्षको इतिहास हो ।'

अतः वर्गसंघर्षविना सर्वहारावर्गले सत्ता प्राप्त गर्न सक्तैन । यो नै मार्क्सवादको आधारभूत मान्यता हो । यस बेगर संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले सर्वहारावर्गले आफ्नो वर्गीय राज्यसत्ता प्राप्त गर्न सम्भव छैन । सर्वहारावर्गले हतियारद्वारा लैस भएर सशस्त्र वर्गसंघर्ष विना, संसदीय बाटोबाट शान्तिपूर्ण ढंगबाट समाजवाद हुदै साम्यवादसम्म पुग्न सम्भव छैन । संसदीय पाटोबाट शान्तिपूर्ण ढंगले समाजवाद ल्याउँछौं भनेको पुँजीपतिवर्गको अधिनायकत्वअन्तर्गत राज्यव्यवस्थामा जाने भन्ने हो भने सशस्त्र वर्गसंघर्ष समाजवाद ल्याउने भनेको सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने भन्ने हो ।

वर्तमान नेपालको सन्दर्भमा कुरा गर्न आवश्यक छ । दक्षिणपन्थी संशोधनवादमा पतन भएर प्रतिक्रियावादी सत्तामा समेत पुगेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवाद) र नवसंशोधनवादमा पतन भएर प्रतिक्रियावादी सत्तामा समेत पुगेको अर्को कम्युनिष्ट पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले कथित 'वाम गठबन्धन' (पार्टी एकता गर्ने प्रतिबद्धतासाथ) गरेर गत मंसीर १० गते र २१ गते गरि दुई चरणमा संसदीय चुनावमा होमिए । संघीय संसद र प्रदेशसभा दुवैमा यो कथित 'वाम गठबन्धन' ले ठूलो बहुमत प्राप्त गरेर आगामी पाँच वर्षका लागि 'वामपन्थीहरूको सरकार' गठन गर्ने तयारी गरिरहेको छ र पार्टी एकताको गृहकार्यलाई पनि तीव्रगतिका साथ अगाडि बढाइरहेको छ ।

यस कथित 'वाम गठबन्धन' समाजवाद उन्मुख नीति तथा कार्यक्रम ल्याउने नारा पनि दिदै आएको छ । र यसले संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले समाजवाद आउँछ भन्ने भ्रम फैलाई रहेको छ । यो पनि उसको नेपाली जनतालाई भ्रूक्याउने कथित नारा मात्रै हो । किनभने उसले नेपाली जनतालाई गास, वास, कपासको ग्यारेण्टी गर्ने, शिक्षा, स्वास्थ्य र यातायातलाई जनताको लागि निशुल्क व्यवस्था गर्ने, निजी स्कुल, कलेज र नीजी अस्पतालहरूको खारेजी गर्ने र सरकारीकरण गर्ने क्रान्तिकारी भूमिसुधार लागु गरेर सामन्त जमीनदारहरूको जीमन जफ्त गरेर गरीब तथा भूमिहिन किसानहरूलाई निशुल्क रूपमा वितरण गर्ने, दलाल तथा नोकरशाही पुँजीपतिहरूले थुपारेको अकूत सम्पत्ति जफ्त गरेर राष्ट्रिय पुँजीमा परिणत गर्ने, बैंक तथा वित्तिय संघ संस्थाहरू अधिकरण गरेर राष्ट्रियकरण गर्ने र नेपालको सम्पूर्ण जमीन राज्यको मातहतमा ल्याउने, राष्ट्रिय स्वाधिनतालाई बलियो तुल्याउने र भारतसँग विभिन्न कालखण्डमा गरिएका असमान तथा अपमानजनक संधी सम्झौताहरू खारेज गरेर नेपाल र भारत दुवै देशको पारस्पारिक हितको आधारमा अर्थात् नयाँ आधारमा नयाँ ढँगले सँधी सँझौताहरू गर्ने र नेपाल-भारत बीचको खुला सिमा बन्द गर्ने र राष्ट्रिय हितको प्रवर्धन गर्ने गरेर राष्ट्रिय स्वतन्त्रता र राष्ट्रिय अखण्डता कायम गर्ने वाला त छैन ।

कथित 'वाम गठबन्धन' ले माथि उल्लेखित कार्य त गर्ने छैन । उसले त वर्तमान साम्राज्यवादी तथा भारतीय विस्तारवादको आडभरोसामा टिकेको यो पुरानो सडेगलेको पश्चिमा पुँजीवादी तथा साम्राज्यवादीहरूले प्रयोग गर्दै आएको संसदीय व्यवस्थालाई बलियो बनाउने र टिकाई राख्नका निम्ति यही वर्तमान प्रतिक्रियावादी सत्तामा जादैछन् । वामखोला ओढेका कथित 'वामपन्थीहरू' ले सामान्य सुधारबाहेक अन्य कुनै पनि नयाँ नौलो कार्यहरू गर्ने वाला छैनन् । बरु यो गठबन्धनले सिंहदरबारको भ्रष्टाचारलाई तलतल गाउँ गाउँसम्म भ्रष्टाचारलाई पुऱ्याउने छन् ।

कथित 'वामगठबन्धन' ले 'ल्याउँछौ' भनेको समाजवाद बी.पी. कोइरालाले ल्याउने भनेको समाजवाद हो । प्रजातान्त्रिक समाजवाद हो । ख्रुश्चोभले ल्याउने भनेको समाजवाद हो । पूर्वी युरोपका सोसल डेमोक्रेटीक पार्टीहरूले प्रयोगमा ल्याएको समाजवाद हो । अर्थात् मिलाराँवादी समाजवाद हो ।

कार्लमार्क्स- फ्रेडरिक एंगेल्सले दर्शन, राजनीति, अर्थशास्त्र र समाजवादको दायराभित्र रहेर सैद्धान्तिकीकरण गरिएको समाजवाद ल्याउँछौ भनिएको होइन । लेनिन-स्टालिन, माओत्सेतुङ, किम इल सुङ, हो चि मिन्ह, फिडेल क्रयास्त्रो, चे ग्वयभारा आदिले प्रयोगमा ल्याएको जस्तो बैज्ञानिक समाजवाद ल्याउने वाला होइनन् नक्कली वामपन्थीहरूले । वैज्ञानिक समाजवाद बन्दुकको बलबाट प्राप्त गरिने चीज हो । त्यसो भएर कमरेड माओले भन्नु भएको छ, 'राज्यसत्ता बन्दुकको नालबाट जन्मिन्छ' ।

त्यसो भएर नै लेनिनले 'जबसम्म पुँजीवाद हतियारले लैस हुन्छ, तबसम्म क्रान्ति पनि सशस्त्र हुनु अनिवार्य छ' भन्नु भएको हो ।

नेपालमा त झापा विद्रोहमा प्रयोग गरेका हतियारहरू कोसी नदीमा फ्याकेर आएको एमाले र महान् दश वर्षे जनयुद्धको प्रक्रिया अन्तरगत जनताको रगतले साटिएका हतियारहरू र जनमुक्ति सेना समेतलाई प्रतिक्रिवादी राज्यसत्तालाई बुझाएर साम्राज्यवादी तथा विस्तारवादीहरूका सामु लम्पसार परेर आत्मसमर्पण गरेर आएको माके मिलेर बनाइएको कथित 'वाम गठबन्धन' ले समाजवाद ल्याउछौं भनेको नेपाली जनताको आँखामा छारो छर्नु बाहेक अर्को केही पनि होइन ।

संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले क्रान्ति गर्दछौं भनेर संसदीय बाटोलाई अख्तियार गरेको दक्षिण एशियाली राष्ट्र इन्डोनेसीयाको मात्र होइन, ल्याटिन अमेरिकी देश चिलीको लागि पनि उत्तिकै सान्दर्भिक छन् । विश्व कम्युनिष्ट आन्दोलनमा संसदीय बाटोबाट, शान्तिपूर्ण ढंगले समाजवादी क्रान्ति गर्न सम्भव छ कि छैन भनेर परीक्षण गरिएको देशको रूपमा इन्डोनेशीया पछि चिली चर्चित छ । यसै कारण चिलीमा यही परीक्षणको सैद्धान्तिक र व्यवहारिक विवेचना गर्नु अति नै जरुरी भएको छ यो नेपालको वामआन्दोलनमा पनि ठूलो चासो रहेको छ ।



तत्कालिन विश्व कम्युनिष्ट आन्दोलनमा नेतृत्वकारी भूमिका खेलीरहेको र सर्वमान्य प्रतिष्ठा प्राप्त गरि रहेको सोभियत संघको कम्युनिष्ट पार्टी ९ऋएक्ज० को बीसौं महाधिवेशनमा सोभियत नेता निकिता ख्रुश्चोभले क्रान्तिको सन्दर्भमा 'सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण संक्रमणको सिद्धान्त अबलम्बन गर्दै तथा वर्ग संघर्ष, सर्वहारावर्गको अधिनायकत्व र सशस्त्र संघर्षको विरुद्ध भीषण हमला बोल्दै रुसमा पुजीवादको स्थापना गऱ्यो ।

के पुँजीवादबाट समाजवादमा शान्तिपूर्ण तरिकाले संसदीय बाटोबाट संक्रमण गर्न सम्भव छैन ? सोभियत नेता ख्रुश्चोभको प्रस्थापना अनुसार 'बदलिएको अन्तर्राष्ट्रिय परिस्थितिमा पुँजीवादी देशहरूमा शान्तिपूर्ण तरिकाले समाजवादी क्रान्ति गर्न सकिने सम्भावना अब सामान्य नियम भइसकेको छ' ख्रुश्चोभको यस प्रस्थापनाले के साँच्चिकै मार्क्सवादी लेनिनवादी सिद्धान्त अनुकूल छ ? के साँच्चिकै पुँजीवादबाट शान्तिपूर्ण तरिकाले संसदीय बाटोबाट समाजवादी क्रान्ति गर्न व्यावहारिक रूपले पनि सम्भव छ ? छैन भने किन र कसरी भन्ने कुरा विभिन्न देशहरूमा बहसको विषय बन्यो ।

यसै सिलसिलामा ख्रुश्चोभको नीतिबाट प्रभावित भएर चिलीमा चुनाव जितेर वामपन्थीहरू सत्तामा गए । वामपन्थी राष्ट्रपती साल्भाडोर एलेण्डे ४ पटकसम्म चुनाव लडेर विस्तारै विस्तारै लोकप्रियता र जनसमर्थन बढाउदै गएर साम्राज्यवादी प्रतिक्रियावादीहरूलाई परास्त गर्दै गएर अत्यन्त जनप्रिय र प्रतिष्ठित भए । पछिल्लो पटक बहुमतले राष्ट्रपति चुनिए । उनले त्यसपछि जनताको भलाईको पक्षमा थुप्रै कदमहरू चाल्न थाले । उनले भूमिसुधार कार्यक्रमलाई अगाडि बढाउन थाले । बैंक तथा वित्तिय संस्थाहरूलाई सरकारको अधिनमा ल्याउने प्रयास गरे । कलकारखाना, उद्योग धन्धाहरूलाई जनताको सामुहिक स्वामित्वमा ल्याउने प्रयासको थालनी गरे । तर के प्रतिक्रियावादीहरूले उनलाई यी जनपक्षीय कामहरू गर्न दिए । अहँ उनीहरूले त्यस्तो गर्न दिएनन् ।

साम्राज्यवादी अमेरिकाको आडमा उनीहरूले त्यस निर्वाचित वामपन्थी सरकारका विरुद्ध षडयन्त्र र घात गर्न थाले । निर्लज्ज तरिकाले उनीहरूले सैनिक विद्रोहको नाटक गरेर बन्दुकले त्यस 'जनताको सरकार'लाई ढाले । राष्ट्रपति एलेण्डेले अन्तिम समयसम्म पनि उनीहरूसँग घुँडा टेकेनन् । तर आखिर उनलाई प्रतिक्रियावादीहरूले निर्लज्ज तरिकाले गोली र तोप बर्साएर मारे । त्यसपछि त्यहाँ जननिर्वाचित सरकार र वामपन्थी नेता कार्यकर्ताहरूमाथि ठूलो दमन गरियो । कम्युनिष्ट नाममा लाखौं जनतालाई निर्लज्ज तरिकाले हत्या गरियो ।

यसरी चिलीको वामपन्थी शक्तिले चुनावबाट सत्तामा पुगी 'समाजवादतीर शान्तिपूर्ण संक्रमण' को सिद्धान्त लागु गर्न खोजेको घटना र त्यसपछिको प्रतिक्रियावादी षडयन्त्र र प्रहारको यस घटनाबाट संसद् र सरकारमा जाँदैमा मात्र वामपन्थीहरूलाई शत्रुले निर्वाध रूपमा काम गर्न दिन्छन् र ? भन्ने सवालतर्फ संसारभरको वामपन्थीको ध्यान तानिदै जानु स्वाभाविक छ । चिलीको घटना एउटा विश्वव्यापी शिक्षाकै विषय हो भने नेपालको घटना पनि ताजै छ । २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनबाट संविधानसभामा सबैभन्दा ठूलो दलको रूपमा उपस्थित हुन पुगेको तत्कालीन नेकपा (माओवादी) का प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तत्कालीन नेपाली सेनाका प्रधान सेनापती रुकमागत कटुवाललाई हटाएर सहायक ............ खड्कालाई पदस्थापित गर्ने प्रयास गर्ने वित्तिकै कटुवालले अस्वीकार गरेर अगाडि बढ्न थाले पछि प्रचण्डले प्रधानमन्त्रीको पदबाट एक्कासी राजीनामा दिएर भागेका थिए । उनी चिलीको त्यो भयावह घटना नेपालमा पनि दोहोरिने भयो भनेर आतंकित भएर रातारात सिंहदरबार र बालुवाटार दरबार त्यागेर कुलेलाम ठोकेका थिए ।

त्यसपछि मात्र प्रचण्डले महान् दसवर्षे जनयुद्धको प्रक्रियाअन्तर्गत निर्माण गरिएका आधार इलाकाहरू र जनसरकारहरूको खारेजी गर्दै साम्राज्यवादी तथा विस्तारवादीहरूका सामु लमपसार परेर आत्मसमर्पण गर्न पुगेर वर्गीय रूपमा पनि प्रतिक्रियावादी हरूको सामु आत्मसमर्पण गर्दै जनमुक्ति सेनाका विधिवत रूपमा विघटन गराए । हतियार प्रतिक्रियावादी सरकारलाई बुझाए । पहिलो संविधान सभाको विघटन गरेर साम्राज्यवादी तथा विस्तारवादीहरूको ग्राण्ड डिजाइन र निर्देशन तथा योजनामा कथित दोस्रो संविधानसभाको निर्वाचन गराएर प्रतिक्रियावादी संविधान निर्माण गर्न र त्यसको कार्यान्वयन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै नेपाली कांग्रेस सहकार्यमा प्रतिक्रियावादी सरकारको नेतृत्व गर्न पुगेर आलोपालो सरकार चलाउने सर्तमा स्थानीय तहको चुनाव सम्पन्न गराए । र अहिले एमालेसंग कथित वामगठबन्धनको नाटक रचेर बहुमतको वामसरकार निर्माण गर्ने र समाजवाद उन्मुख कार्यक्रम ल्याउने बकवास गरिरहेका छन् । यो सबै नाटक मात्र हो ।

चिली कम्युनिष्ट पार्टी र राष्ट्रपति साल्भाडोर एलेण्डेले त ख्रुश्चोभको शिक्षा मुताविक भ्रममा परेर संसदीय बाटोबाट शान्तिपूर्ण ढंगबाट समाजवाद ल्याउने भनेर चुनावमा गएका थिए र बहुमत प्राप्त गरेर सरकार बनाए पपछि जनताको हितको पक्षमा कदम चाल्न थाले पछि प्रतिक्रियावादीहरूले सैनिक 'कु' गरेर राष्ट्रपति एलेण्डेको हत्या गरेका थिए ।

नेपालमा त कथित 'वामगठबन्धन'ले वैज्ञानिक समाजवाद होइन कि वि.पी. कोइरालाले भन्ने गरेको प्रजातान्त्रिक समाज ल्याउने कुरा गरेकाले उनीहरू वर्तमान दलाल तथा नोकरशाही पुँजीपती वर्ग र सामन्तवर्गको सत्तामा चलाउन जाने भएकोले चिलीका जन निर्वाचित साल्भाडोर एलेण्डेकै जस्तै हत्याको निसानामा पर्नु पर्ने छैन किनभने कथित वाम गठबन्धन त यही संसदीय प्रतिक्रिवादी सत्ता र व्यस्थालाई बलियो बनाउने र मुलुकमा फासीवादी शासन लाद्ने योजनाका साथ सरकारमा जादै छन् । समाजवादमा पुग्ने नौलो बाटो खोज्दा-खोज्दै शहादत प्राप्त गरेका साल्भाडोर एलेण्डे को थिए ? र किन र कसरी मारिए ? भन्ने बारेमा जानकारी लिन आवश्यक हुन्छ ।

समाजवादी लक्ष्य प्राप्तीको लागि चिलीको बाटो, शान्तिपूर्ण संक्रमणको बाटो, संसदीय चुनावबाट निर्वाचित भएर अघि बढ्ने बाटोको खोजीमा लागि परेका वाम पन्थी नेता साल्भाडोर एलेण्डे शुरुमा मेडिकल डाक्टर थिए ।

खुला स्वतन्त्र र प्रगतिशील विचारका वकिल पिता साल्भाडोर एलेण्डे क्यास्ट्रो र उदार विचारको माता लौरा गोस्सिन उरीवेको सन्तानको रूपमा २६ जुन १९०८ मा चिलीको बन्दरगाहको शहर वाल्पाराइसोमा जन्मेका एलेण्डेले विद्यार्थीकालदेखि नै वामपन्थी आन्दोलनमा सक्रिय हुँदै आएका थिए ।

शान्टियागो युनिभर्सिटीबाट मेडिकल डाक्टर पास गरेका एलेण्डेले विद्यार्थी नेताको रूपमा वामपन्थी राजनीति बोकेर हिडेका थिए । यसरी हिंड्दा सरकार विरोधी विद्यार्थी संघर्षलाई संबोधन गरेको निउँमा १९३१ मा अमेरिकी समर्थक तानाशाह राष्ट्रपति कार्लोस इबानेजका प्रहरीबाट गिरफ्तार भएर उनी बन्दी बनाइएका थिए । आम माफीबाट रिहा भएपछि संघर्षमा पुनः होमिएका एलेण्डेले चिलीको पुरानो वामपन्थी पार्टी चिलियन सोशलिष्ट पार्टीलाई पुनर्निर्माण गर्ने कार्यमा नेतृत्व गरेका थिए ।

वामपन्थी र शक्तिहरूकाबीच संयुक्त मोर्चा कायम गरेर चुनावी संघर्ष गरिरहेको चिलीको वामपन्थी आन्दोलनका एक नायक एलेण्डे सन् १९३८ मा स्थापित पेड्रो सेर्दाको सरकारमा स्वास्थ्य मन्त्री बनेका थिए । त्यसपछिका वर्षहरूमा कहिले माथिल्लो सदनको सदस्यका रूपमा त कहिले तल्लो सदनको सदस्यका रूपमा र कहिले चाँहि सभामुख भएर समेत संसदीय संघर्षमा लागि परेका थिए ।

एलेण्डे सन १९५२ देखि राष्ट्रपति पदको चुनावमा वामपन्थी उम्मेदवारको रूपमा उठ्न थालेका थिए । चुनावमा तीन पटक पराजित भएर पनि कहिल्यै हार नमानेर वामपन्थी संयुक्त मोर्चाको राष्ट्रपति उम्मेदवार भइरहेका उनी अमेरिकी साम्राज्यवादको सम्पूर्ण जालसाजीका बाबजुद १९७० को ३ सेप्टेम्बरको चुनावबाट चिलीको राष्ट्रपति पदमा बहुमत भोटले निर्वाचित भएका थिए ।

सडक र सदनको वीरतापूर्ण संघर्षताकादेखि नै संसदीय मार्गबाट, शान्तिपूर्ण ढंगले चिलीमा समाजवाद ल्याउन सकिने विचार बोक्ने एलेण्डेले आफ्नो राष्ट्रपति कालमा केही सुधारवादी क्रान्तिकारी रूपान्तरणका कामहरू सफलतापूर्वक गरेका थिए । तर यो सफलताबाट छटपटिएको अमेरिकी साम्राज्यवादले अन्ततः सी.आई.ए., चिलीस्थित बहुराष्ट्रिय कम्पनीहरू तथा सत्ता पिपासु सैनिक अधिकारीहरूमार्फत् सैनिक विद्रोहबाट उनलाई सत्ताच्यूत गरे ।

११ सेप्टेम्बर १९७३ को सैनिक व्रिदोहको सशस्त्र प्रतिरोध गर्दा गर्दै तानाशाह पिनाचेटले मगरेको बमबारी र तोप वर्षाले उनको प्राण लियो । हतियारसहित लड्दा लड्दै मारिए साल्माडोर एलेण्डे । त्यो नाटकीय क्षण, जतिखेर हतियारसहित लड्दालड्दै चिलीका जननिर्वाचित राष्ट्रपति साल्भाडोर एलेण्डे मारिए ।

सन् १९७३ सेप्टेम्बर १९ को बिहान ६:३० बजेको थियो । ल्याटिन अमेरिकी देश चिलीको राजधानी सान्टियागो डि चिली स्थित वामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डेको निवासमा अचानक फोनको घण्टी बज्यो । फोनबाट राष्ट्रपति एलेण्डेलाई समाचार प्राप्त भयो, 'चिलीको प्रमुख बन्दरगाहको शहर वाल्पाइरासो स्थित नौसैनिकहरूले विद्रोह गरेर त्यस शहर सिंगै सैनिक विद्रोहीहरूको नियन्त्रणमा छ ।'

त्यो खबरपश्चात् राष्ट्रपति एलेण्डेले सैनिक विद्रोहको घण्टी बजेको महसुस गरे । राष्ट्रपतिले स्थल सेनाध्यक्ष जनरल अगस्टो पिनेचेटलाई सम्पर्क गर्न प्रयास गरे । सम्पर्क भएन । उनले आफ्नो संयुक्त मोर्चा लोकप्रिय एकताको सरकारका मन्त्रिहरू एवं पार्टीका नेताहरूसँग सम्पर्क कायम गर्न खोजे त्यो सम्भव भएन । बिहान ७:१५ बजे प्रहरी प्रमुख जनरल जोसे मारिया सेपुल्वेडाका साथ ५० सशस्त्र सैनिकको दलबल, आफ्ना २३ जना अंगरक्षकहरू र अभिन्न सहयोगीहरू सहित राष्ट्रपति भवन 'ला मोनेडा प्यालेस तीर अगाडि बढे । एलेण्डेले आफ्नो विशेष कोठामा गई आफ्ना मन्त्रीहरू, सहयोगीहरू' 'लोकप्रिय एकता' संयुक्त मोर्चा र त्यसका प्रमुख घटक कम्युनिष्ट पार्टी, सोसलिष्ट पार्टीका नेताहरू एवं जनसंगठनहरूलाई सम्पर्क गरेर सैनिक विद्रोहको सूचना दिए । त्यसपछि देशवासीलाई विद्रोहबारे रेडियोबाट सम्बोधन गरे । बिहान ८.१५ बजे रेडियोबाट पुनः जनतालाई सूचना दिए । उनलाई रेडियो टिभी बन्द गर्न धम्की दिइयो । पटक-पटक आत्मसमर्पण गर्न धम्की पनि दियो । तर एलेण्डे कतिपनि गलेनन् ।

करिब ६-७ घण्टा घमासान युद्ध चल्यो । अमेरिकी साम्राज्यवादको पिठ्यू सैनिक जनरल पिनेचेटको नेतृत्वमा राष्ट्रपति भवनलाई चारैतिरबाट घेरेर तोप, गोला बारुदले आक्रमण गरियो । क्युबाका राष्ट्रपति फिडेल क्यास्त्रोले दिएको एक आधुनिक हतियार सहित राष्ट्रपति साल्भाडोर एलेण्डे अन्तिमसम्म लडीरहे । अन्तिममा उनको छाती, टाउको र पाखुरामा गोली लाग्यो र उनको हत्या ।

तर विद्रोही सेनाको फासिस्ट डफ्फाले भने 'एलेण्डेले आत्महत्या गरेको' घोषणा गर्दै ...बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# अलबिदा पाखिन दाइ !

# हामी सधैं सम्झिरहनेछौं



● ईश्वरचन्द्र ज्ञवाली ●

***उनी अविरल, अथक, अविश्राम क्रान्तिको यात्रालाई अन्तसम्म जारी राख्न र सुन्दर समाज निर्माण गर्न आह्वान गर्छन् । यिनै उनका मुख्य प्रवृत्ति हुन् । यसबाहेक अरू धेरै प्रवृत्ति पनि सहायक रूपमा देख्न सकिन्छ । यसले उनको कला साहित्यको प्रवृत्ति समाजवादी यथार्थवादी नै रहेको पुष्टि हुन्छ ।***

क.खुसीराम पाख्रिनले (जन्म : २००९ कार्तिक ९) कार्तिक ५ गते ६५ वर्षको अल्पायुमै एकाएक हृदयाघातका कारण कार्यक्रमको मञ्चमै रगत छादेर मृत्युवरण गरे । एउटा शोक सभाको सम्वेदनामा पाख्रिनको मृत्यु अर्को वेदनापूर्ण घटना बनेर आइपुग्यो । 'सागर तर्ने यात्रीहरू खुट्टा काम्नु हुन्न' भन्ने उद्घोषको पछिल्लो चरण पार गरेर उनले संशोधनवादी र विचलनवादी प्रवृत्तिको विरोध गर्दै लक्ष्यसम्म पुग्न आह्वान गरे । जसबाट उनले आफ्नो स्मृतिलाई युगौंसम्म जीवन्त राख्ने जमर्को गरेका छन् । उनको भौतिक शरीर ढले तापनि चेतना र स्मृतिको, आस्था अठोटको शरीर ढलेको छैन । प्रकाश दाहाल जो आफूभन्दा ३० वर्ष कान्छा थिए, उनीप्रति श्रद्धान्जलीका शब्द र अन्तिम विदाइका पीडा पोख्दै गर्दा उनले आफ्नै अन्तिम विदाइ लिन पुगे । अलविदा पाख्रिन दाइ !, अलबिदा जनवादी सांगीतिक यात्राका एक धरोहर !

पाख्रिन सर्जक, गायक र चिन्तक तीनै हुन् । पाख्रिन कलाकार, अभियन्ता, कलाको नेतृत्वकर्ता तीनै हुन् । 'मालेमावादको सौन्दर्य धारालाई समातेर पाख्रिनले प्रगतिवादी कला सौन्दर्यको समृद्धीकरणमा वस्तुतः एउटा अविस्मरणीय देन दिएका छन् ।'(पाख्रिनका गीतहरू.... संस्कृति र सौन्दर्य : ईश्वरचन्द्र ज्ञवाली पृ.१३३) । मैले हिंजो गरेको यो मूल्याङ्कन आज पनि सही नै लाग्छ । किनकि पाख्रिनका रचनाको भाव र शिल्प यही हो । सांच्चै पाख्रिन गीतहरूमा एउटा प्रण हो, एउटा दृढता, अविच्छिन्न, अविश्रान्त प्रतिवद्धता हो । (उही पृ.१३३) । पाख्रिन जीवनवृत्त, प्रवृत्ति र संघर्ष भन्ने लेखमा मैले लेखेको छु- 'खुसीराम पाख्रिनको व्यक्ति जीवन र पारिवारिक जीवन दुबै राजनीतिक जीवन हो । उनी वर्ग संघर्षद्वारा समाज रूपान्तरणकारी उथलपुथल पैदा गर्ने क्रान्तिका गायक हुन् ।' (उही पृष्ठ १८९, २०६४) मेरो यो मुल्याङ्कन आज पनि सही नै लाग्छ । गीत संगीतका माध्यमबाट, सिर्जनाका माध्यमबाट क्रान्तिलाई ठोस योगदान दिनु मात्र हैन, क्रान्तिमा सामेल भएर जनचेतनालाई माथि उठाउनु र मुक्तिको सन्देश प्रवाह गर्नु पाख्रिनको प्राप्ति हो । २०३७ सालबाट चौम, मशाल, एकताकेन्द्र, एकीकृत माओवादी हुंदै अन्तमा एमालेसंग विलय हुन लागेको माओवादी केन्द्रका संगठित केन्द्रीय सल्लाहकार उनको राजनीतिक यात्रा हो यो । यसले उनको निष्ठा र समर्पणको द्वैत भावलाई पुष्टि गर्छ । विचार व्यवहारको तालमेललाई पनि संकेत गर्छ । समग्र परिवार नै राजनीतिमा लागेर एउटा छोराको वलिदानसमेत दिएका पाख्रिन सहिद पिता अनि यातना, जेलनेलका भुक्तभोगी पात्र पनि हुन् । उनले सर्वहारा वर्गको मुक्ति र नयां जनवादी युगको आमन्त्रणलाई गीतको अन्तर्य बनाएका छन् । आफ्ना गीतमा पूर्ण मुक्तिको कामना र वीचबाटो मै अलपत्र पारिएको क्रान्तिको रातो झण्डालाई फेरि उठाउने वाचा गीतहरूमा गर्दै गर्दा आज उनको मृत्यु भएको छ । यही हामीलाई उनले दिएको प्रेरणा हो । विचलनवाद, संशोधनवाद, सुधारवाद, प्रतिक्रान्ति विरुद्ध उनले दिएको अन्तिम चेतावनी शब्द पनि हुन उनका गीत । अविरल क्रान्तिकारी धाराको पक्षमा उभिएका पाख्रिन अन्तिम क्षणमा भने संसदीय व्यवस्थाको चुनावी सभाका साथै सहयात्रीको शोकसभालाई गीतका माध्यमबाट सम्वोधन गर्दै गर्दा ढले । उनको अन्तिम चरणको प्रस्थानविन्दु के संसदीय व्यवस्था नै थियो ? यसको उत्तर अब भौतिक रूपमा उनले दिने छैनन् तर उनका रचनाको मूल प्रवृत्ति भने सुधारवाद, संशोधनवाद, प्रतिक्रान्ति र विचलनका विरुद्ध छ भन्ने कुरा उनका गीत र अन्य रचनाहरूले नै भन्छन् । पाख्रिन कला सर्जक मात्र हैनन् संस्कृति र सौन्दर्य चिन्तक पनि हुन् । उनका थुप्रै रचना, आलेख यी विषयमा लेखिएका छन् । पद्य र गद्य , लय र भाका, लेखन र गायन उनको सिर्जनात्मक यात्रा हो । यसैकारण उनले सांस्कृतिक परिवार निर्माण गरेर देश-विदेश, पहाड-तराइमा सांस्कृतिक अभियान चलाए । यसक्रममा उनले सात सयवटा कार्यक्रम प्रस्तुत गरेको कुरा मसंग भनेका थिए । पाख्रिन जीवनवृत्त, प्रवृत्ति र संघर्ष भन्ने लेखमा मैले



यसप्रति संकेत गरिसकेको छु । पाख्रिन दाइ आस्था र निष्ठा, विचार र समर्पण पनि हुन् । उनी आन्दोलनप्रति सधै समर्पित भइरहे । उनले सधै पार्टीभित्र क्रान्तिकारी धाराको नै पक्षपोषण गरे र अन्तमा भने परिस्थितिले उनलाई संसदीय व्यवस्थाको प्रचार प्रसारतिर डोरायो । उनी अनेजसां महासंघ, जनकलाकार संघ, इच्छुक सांस्कृतिक प्रतिष्ठान आदि संस्थाका नेतृत्वकर्ता बने र पछि संसदीय व्यवस्थामा सभासद् पनि भए । फेरि पनि उनले सागर तर्न खुट्टा कमाउन नहुने उद्घोष र देशप्रतिको अगाध मायांलाई व्यक्त गरेका छन् । विस्तारवादबाट देशको मुक्ति, नवउपनिवेशबाट पूर्ण स्वाधीन बन्ने चाहना, अनि सामन्तवाद, दलाल पुंजीवादबाट पूर्ण मुक्ति एवम् सर्वहारावर्गको राज्यसत्ता प्राप्तिको चाहना उनमा मरेको भने कतै पाइन्न । चाहे उनी संसदीय अभ्यासमा किन नहोऊन् । त्यसैले उनी कला साहित्यमा समाजवादी यथार्थवादका पक्षधर हुन् । उनमा आशावाद छ । आलोचना छ । विद्यमान यथार्थबाट मुक्तिको चाह छ । वर्गयुद्ध र जनयुद्धको अवगाहनका साथै वर्ग, जाति, क्षेत्र र लिङ्गको समग्र मुक्ति र स्वतन्त्रता प्राप्तिको उद्देश्य स्पष्ट परिलक्षित छ । सांच्चै उनी दृढता, समर्पण, निष्ठा र विचारका यात्री हुन् । त्यसैले उनी युद्धमा प्रत्यक्ष सहभागी र सहयोगी भए । पाख्रिन दाइले गीत, कविता, लेख, गीति चिन्तन र सौन्दर्य चिन्तनका रचना दिएर गए । उनका तीनवटा कृति पुस्तकाकारमा र एक एल्बममा छन् । अरु धेरै फुटकर रचना भने छरिएर रहेका छन् । आंशुका भाकाहरू, रक्तक्रान्तिका गीतहरू, एल्बम जस्ता कृतिहरू छन् भने कलम, उद्बोधन, नयांयथार्थ, वेदना, जनादेश र जनदिशा आदि पत्रिकामा छापिएका चिन्तनपरक लेख उनका वैचारिक आलेख हुन् । यसले उनलाई सर्जक, अभियन्ता, नेता, चिन्तक, विचारक पनि रहेको देखाउंछ । जे भएपनि पाख्रिन जनवादी कला धाराका एक मूर्धन्य धरोहर हुन् र उनका गीत कालजयी छन् । उनी गीत लेख्थे, त्यसमा लय भर्थे, संगीत निर्माण गर्थे र गाउंथे पनि र जीवन व्यवहारमा पनि प्रयोग गर्थे ।

उनका रचनाको खास खास प्रवृत्तिले उनको सुससंगठित पहिचान दिन्छ । उनी सर्वहारावर्गको मुक्ति चाहन्छन् । उनको आफ्नो वर्गप्रति प्रेम र लगाव छ । उनी श्रम र श्रमिकप्रति सम्मान गर्छन् र तिनका घटनालाई प्रस्तुत गर्छन् । उनी समाजको शोषण, विभेद, अन्यायको विरोध गर्छन् भने समाज र व्यवस्थाका विसंगतिमाथि प्रहार गर्छन् । गरिबका दुःख, दर्द, पीडा, समस्या र उनले भोगेका कठिनाइ एवम् उनीमाथि भएका शोषण र भेदभावको खुलेर चित्रण गर्छन् तर समाजमा विद्यमान विसंगतिमाथि प्रहार गर्छन् । जनयुद्धको त्याग, वलिदान, शौर्य, साहसको गाथालाई गीतले समेटेका छन् भने गाउंघरमा गरिबहरूले भोग्ने जीवन व्यथालाई यथार्थ चित्रण गर्दै त्यसबाट मुक्त हुने विचार प्रस्तुत गर्छन् । नारीमाथिका भेदभाव, शोषण, अपमान, यौन हिंसाको विरोध र नारी समानताको पक्ष पोषण गर्छन् । देशप्रेम, राष्ट्रियता र स्वाभिमान उनका गीतको कथ्य हुन्छ । साम्राज्यवाद र विस्तारवादका विरुद्ध संघर्षको आह्वान पनि हुन्छ । उनी अविरल, अथक, अविश्राम क्रान्तिको यात्रालाई अन्तसम्म जारी राख्न र सुन्दर समाज निर्माण गर्न आह्वान गर्छन् । यिनै उनका मुख्य प्रवृत्ति हुन् । यसबाहेक अरु धेरै प्रवृत्ति पनि सहायक रूपमा देख्न सकिन्छ । यसले उनको कला साहित्यको प्रवृत्ति समाजवादी यथार्थवादी नै रहेको पुष्टि हुन्छ ।

वर्तमानसम्म आइपुग्दा पाख्रिनले संसदीय अभ्यासबाट पनि समाजवादमा पुग्न सकिन्छ कि ? भन्ने बाटो रोजे । नेपालमा जनवादी क्रान्ति पूरा भएको छैन । देश दलाल पुंजीपति र नोकरशाह वर्गको चंगुलमा फंसेको छ । पुरानो सामन्त वर्ग नयां दलाल वर्गको रूपमा अभिव्यक्त भइरहेछ र सत्ता तिनैको हातमा छ । सरकार फेरिए पनि सामन्तशाही सारतत्व फेरिएको छैन । भारतीय विस्तारवाद झन् बढी प्रभावशाली बनेर हरेक क्षेत्र र विषयमा सूक्ष्म हस्तक्षेपकारी भूमिका निर्वाह गरिरहेछ । पार्टीहरू त्यसैको खेलौना वा कठ्पुतली पारिएका छन् । मुलुक समृद्ध र आत्मनिर्भर छैन । झन्झन् गरिब र परजीवी वा परनिर्भर बन्न पुगेको छ । जनताले सुख हैन दुःख पाएका छन् र देश भ्रष्टाचारको दलदलमा भासिंदै गएको छ । देश टुक्र्याउने खेल जारी छ र देशको सार्वभौमिकता नै खतरामा छ । विस्तारवादको चाकरी गरेर सत्तामा जाने र देशको कुनै न कुनै अंश दिल्लीधाममा चढाएर फर्किके प्रवृत्ति अझै बढेको छ । न सामन्तवाद समाप्त भयो न स्वाधीनता माथिको अतिक्रमण । यस स्थितिमा संसदीय अभ्यासबाट समाजवादको सपना निरर्थक प्रयास मात्र हुन्छ । संसदबादको बोकाले समाजवादको पाठी पाउन सम्भव छैन । संसारमा कहिं संसदीय व्यवस्थाबाट समाजवाद आएको इतिहास छैन र यस्तो भएको छैन । मुलुकमा ३-३ पटक असफल साबित संसदवादलाई पुनर्स्थापित गरेर त्यसैमा सामेल भई सबथोक यही हो अब राजनीतिक क्रान्ति पूरा भयो आर्थिक क्रान्ति मात्र गर्नु पर्छ भन्नु विचार निष्ठामा विचलन हो । के क्रान्ति कहिल्यै समाप्त हुन्छ ? के फेरि विद्रोह अब हुंदैन ? के अब नयां युगको चेतनाले नयां अभियन्ता र इतिहास नायक जन्माउने छैन ? यस्ता तिलस्मी कथा बुनेर जनताको दिमाग भुट्नु इतिहासमाथि गद्दारी हो भन्ने लाग्छ । क्रान्ति सम्भव छ । क्रान्ति फेरि पनि हुन्छ । नेपालमा फेरि अर्को क्रान्ति जरुरत हुन्छ भन्ने यथार्थ बुझ्नु पर्छ । पाख्रिनले आफ्ना अधिकांश रचनामा यसैको अभिव्यक्ति दिएका छन् ।

अन्तमा, मृत्युका क्षणमा पनि जसरी राजनीतिको सक्रियता र संलग्नतालाई पाख्रिनले छोडेनन् र लागिरहे यो प्रतिबद्धता वा निष्ठाको उदाहरण हो । अरुलाई समवेदना र सम्वेदना पोख्ता पोख्तै जसरी आफूनै सम्वेदना र समवेदनाका विषय बने यसले उनलाई सम्झाइरहनेछ । पाख्रिन दाइको मृत्यु एउटा सक्रिय मृत्यु हो । अलविदा पाख्रिन दाइ ! हामी तपाईको विचार र योगदानको मूल्यलाई कदर गरिरहनेछौं । पाख्रिन जनवादी आन्दोलनमा सदा स्मरणीय भइरहनेछन् । अस्तु ।

## कविता

# सिंहदरबार-२



● हिरामणि दुःखी ●

*बसेको छ गजधम्म सिंहदरबार*
*देशको मुटुमा*
*विफरग्रस्त अनुहार लिएर*
*दृष्टि फालिरहेछ*
*उन्मत्त साँढेको*
*र, नियालिरहेछ*
*हरदिन हरमौसम*
*यस भूगोलका बबुराहरूको दैनन्दिनी,*
*रोजाना यसको बोलीमा*
*जङ्गेको कासन*
*भइरहेछ प्रतिध्वनित*
*र, चन्द्रेले छर्केको अत्तर*
*डुङ्डुङ्ती गन्हाइरहेछ*
*यसको छालामा*
*ठान्छ आफूलाई सिंहदरबार*
*सम्वाहक परिवर्तनको*
*मात्र*
*दौडाएर सनातनी एक्का ।*
.....
*फेरिएको छ समय*
*बदलिएको छ परिवेश*
*परन्तु,*
*बदलिएन सिंहदरबार*
*सिंहदरबार बदल्न*
*धुलौटो कोरे ज्योतिषहरू*
*कारखानामा जोतिए मजदूरहरू*
*र, नक्सा कोरे अभियन्ताहरू*
*प्रतिफलमा*
*बदलिए ती स्वयम्*
*र, भए कुरूप सिंहदरबारसँगै ।*
....
*रोबोट हो सिंहदरबार*
*चल्छ रिमोटबाट*
*रिमोट चलाउँछ*
*लैनचौर र माहारजगञ्ज*
*केवल लैनचौर र माहाराजगञ्ज मात्र*
*रिमोट चलाउने अधिकार राख्छ ।*
*विवेकशून्य छ सिंहदरबार*
*गिदीमा छ यसको मेमोरीकार्ड*
*र त चल्छ यो मात्र इसारामा*
*सिलिङपङ्खा जस्तै छ सिंहदरबार*
*थिचेपछि भित्ताको बटन*
*नाच्छ एकोहोरो*
*किन्तु,*
*भित्ताको बटन*
*थिच्छ अर्कैले ।*
....
*सिंहदरबार धेरै खान्छ र सकेको प्युँछ*
*तर, अघाउन्न कहिल्यै*
*बर्सौं नित्य, निरन्तर*
*खोल्छ पेटारो*
*बाँधेर रातो रिबनले*
*नदोहोरिँदै एउटा ऋतु*
*रित्याउँछ आफैँ पेटारो*
*दोहोऱ्याउँछ उही नियती बारम्बार*
*यसले निलेको छ नदीहरू*
*चपाएको छ पाहाडहरू*
*रित्याएको छ चुरे र भावरहरू*
*लमतन्न सुतेका फाँटहरूमा*
*बज्रिन्छन् जब जब*
*परचक्रि बुटहरू*
*परिरहन्छ कुम्भकर्ण निद्रामा*
*बैरी हो सिंहदरबार*
*आफ्नै भूगोलको*
*कृतघ्न छ सिंहदरबार*
*आफ्नै मातृत्वप्रति ।*
.....
*जन्मिए सन्तान सिंहदरबारका*
*राहु, केतु र शनिहरू*
*यद्धपि,*
*यसको ब्रह्मण्डमा*
*जन्मिए सयौं ताराहरू*
*पचायो तिनलाई पनि क्षणभरमा*
*ब्ल्याकहोल हो सिंहदरबार*
*निल्छ आफ्नो गुरूत्वमा आउनेहरू*
*नित्य निलिरहेछ*
*ऊ पर्दैन बदलिनु*
*जस्ताको तस्तै*
*ऊ पर्दैन रूपान्तरण हुन*
*जहाँको तहीँ*
*जड्आग्रही छ सिंहदरबार ।*
....
*तर सिंहदरबारसँग*
*छैन एउटा शक्ति*
*त्यो हो स्वाभिमान*
*जो मात्र छ यस भूगोलका*
*लाखौं करोडौं कविताहरूसँग*
*स्वाभिमानका खातिर कविताहरू*
*लडिरहन्छन् मृत्युपर्यन्त*
*र, ढालिनेछ अवश्य एकदिन*
*जराजीर्ण सिंहदरबार ।*

*६ जेठ २०७१ घट्टेकुलो*
*अनलाइन मिडिया (नेपालब्रिटेन डट कम), २०७१ कत्तिक २२ मा प्रकाशित*

## संसदवाद...

तथा सामन्तवर्गको अधिनायकवादी राज्यसत्ता र यो प्रतिकृयावादी राज्यसत्ता संचालन गर्न बनाईएकोसंविधानलाई प्रतिकृयावादी संविधान मान्दछ । तसर्थ हाम्रा लागि त्यस प्रकारका प्रतिगामी राज्यसत्ताको प्रतिनिधित्व र संरक्षण गर्ने संविधान अस्वीकार्य रहेकोछ र त्यसलाई खारेज गरी संघीय जनगणतान्त्रिक संविधानको निर्माणका लागि संघर्षको नीति लिइएकोछ ।

● यो प्रतिकृयावादी राज्यसत्ता तथा संसदीय ब्यवस्था अन्तरगतको स्थानीय तथा प्रदेश र संसदको निर्वाचनमा हाम्रो पार्टीले भागलिएको छ । हामीले संविधानसभाको प्रथम निर्वाचनमा भाग लिएका थियौं तर दोस्रो संविधानसभाको निर्वाचनको वहिष्कार गऱ्यौं । फेरी निर्वाचनमा भाग लियौं । हामी मार्क्सवादी-लेनिनवादीहरू संसदीय निर्वाचनको उपयोग गर्ने कि बहिष्कार गर्ने प्रश्नलाई राजनीतिक कार्यनीतिको प्रश्न ठान्दछौं र परि स्थितिको सही मूल्यङ्कन गरी एउटा ठोस निर्णयमा पुग्दछौं । हाम्रो पार्टीको प्रथम राष्ट्रिय सम्मेलनले(२०७४ भाद्र २२-२७) निर्वाचनमा भाग लिने नीति पारित गऱ्यो र देशभक्त जनगणतान्त्रिक मोर्चालाई निर्वाचनमा सक्रीय समर्थन दियो । वर्तमान राज्यसत्ता, संसदीय ब्यवस्था र त्यसका पक्षपोषक कथित लोकतान्त्रिक तथा कथित वाम गठबन्धनको विरोध तथा भण्डाफोर गरी राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याको समाधानका लागि नयाँ जनवादी क्रान्तिको तयारी गर्न, जनाधार तयार गर्न, भ्रष्टचारीहरूलाई नङ्ग्याउन, र जनताको पक्षमा बोल्नका लागि देजमो निर्वाचन अभियान उपयुक्त माध्यम भएकोले त्यसको समर्थन र उपयोग सही रहेको थियो ।

३) **संगठन निर्माणमा सकारात्मक प्रभाव पऱ्यो** : संगठनको स्थिति के रहेको थियो भन्ने कुराको आँकडा राष्ट्रिय सम्मेलनमा भएको थियो । हाम्रो सांगठनिक स्थिति कमजोर र चुस्त थिएन । त्यसलाई विस्तार र सुदृढ कसरी गर्ने भन्ने प्रश्न हाम्रो अगाडि थियो । कार्यकर्तामा आत्मविश्वासको केही कमि भएको र कार्यमा उत्साहको कमि थियो । स्थानीय तहको र प्रदेश तथा संघीय निवाचनमा भाग लिंदा कार्यकर्ताहरू बढी परिचालित भएका, साधन स्रोतको कमिका बावजुद जनताका घरदैलोमा पुगेका र पार्टीको बढी प्रचार प्रसार भएको पाईयो । पार्टी संगठन निर्माणमा यसको सकारात्मक प्रभाव परेको मूल्याङ्कन गरिएकोछ । हामीलाई भोट दिनेहरू हाम्रा कार्यकर्ता र शुभचिन्तकहरू हुन । कथित वाम गठबन्धन र पैसाको खोलो बगाईएको निर्वाचनमा हाम्रो पार्टीलाई आएको भोटलाई कम आक्नु बेठिक हुन्छ भन्ने लाग्छ । अब रह्यो पार्टी शुद्दिकरण र विस्तार गर्ने प्रश्न ! पार्टीले तीन महिने अभियान सुरु गरेकोछ। यस बीचमा सक्रिय रहेनरहेका नेता तथा कार्यकर्ताहरूको मूल्याङ्कन हुनेछ र साथै पार्टी संगठन विस्तारको पनि पहल हुनेछ।

४) **भ्रष्टाचार** : बुर्जुवा ब्यवस्था भनेको भ्रष्टाचारी ब्यवस्था हो र यो मूलतः कमिशनमा चल्ने गर्दछ। पार्टीले निर्वाचन नलड्ने, पार्टीको नाममा व्यक्ति निर्वाचन लड्ने परिपाटी त भ्रष्ट हुन्छ। प्रथम, राजनीतिक कार्यकर्ता भन्दा पैसा हुने ठेकेदार, व्यापारी, विदेशी दलाल, आदिलाई उम्मेदवारको टिकट दिइने हुँदा संस्थागत भ्रष्टचारलाई मद्दत पुग्दछ। दोस्रो, यो व्यवस्थामा जनता भनेको एक भोट दिनेमात्र हुन, अर्को पटक भोट दिन उसले अर्को निर्वाचन कुर्नु पर्दछ। आफूले भोट दिएर गएको भ्रष्टचारी नेतालाई कारबाही गर्ने अधिकार उसँग हुँदैन । तेस्रो, 'जुन जोगी आए पनि कानै चिरेको" यिनिहरूबाट केही हुँदैन भन्ने बुझेका जनताले निर्वाचनकै बेला उम्मेदवारहरूसँग रकमको दलाली गरेको देखियो ।

**यो निर्वाचनले एउटा प्रश्न खडा गरेकोछ** : संसदीय (बुर्जुवा) ब्यवस्था भ्रष्टचारी ब्यवस्था हो । यो ब्यवस्थामा राजनीतिक अधिकारको कुरा उठ्तैन र उठाईदैन पनि । पार्टीको नाममा व्यक्तिले जसरी पनि निर्वाचन जित्नु मुख्य कुरा हो-पैसा, तागत र भ्रमको प्रयोग गर्न सक्नु । पैसा छरेर निर्वाचन जित्नु, नेता बनेर भ्रष्टचार गर्नु र पुन : पैसा छरेर निर्वाचन जित्नु । यस पटकको संघ र प्रदेशको निर्वाचनमा राष्ट्र बैंकले भन्यो कि राजनीतिक पार्टी र उम्मेदवारहरूले जम्मा खर्चको ३० प्रतिशत रकम मात्र बैंकहरूबाट लिएको थियो । अव भन्नुस बाँकी ७० प्रतिशत रकम कहाँबाट आयो होला !! कुरो स्पष्ट छ त्यो रकम अमेरिकी आइ इन जि ओबाट(खासगरी एमाले),दलाल व्यापारीहरूबाट, विदेशी कमिशन दलालहरूबाट र विदेशी राजदुताबासहरूबाट प्राप्त भएका हुन । पैसा खर्च गर्न नसक्नेले निर्वाचन लडेका छैनन् र पार्टीले तिनलाई (राजनीतिक कार्यकर्तालाई) टिकट पनि दिएको थिएन ।

५) **बिट मारनी** : ने.क.पा.( क्रान्तिकारी माओवादी) विश्वको विभिन्न किसिमले व्याख्या गर्ने, प्रतिकृयावादी व्यवस्थाभित्रको सुधारमा विश्वास गर्ने पार्टी नभएर विश्वलाई बदल्ने, प्रतिक्रियावादी व्यवस्थालाई ध्वंश गर्ने र उन्नत ब्यवस्था (समाजवाद) स्थापना गर्ने उदेश्यले स्थापित पार्टी हो । त्यसैले निर्वाचनमा भाग लिए पनि यो संसदवादी पार्टी होईन । संसदवादको भण्डाफोर गर्न, संसदवादीहरूले गरेको संस्थागत भ्रष्टचारको विरोध गर्न र निर्वाचनमा प्राप्त मतलाई क्रान्तिकारी संगठन निर्माण र सुदृढीकरण गर्न यो पार्टीले तीन महिने अभियानबाट सुरु गरेको छ । पार्टीको यो अभियान निरन्तर प्रकृया पनि हो । पार्टी संगठन निर्माण, विस्तार र सुदृढीकरण सँगसँगै वर्गीय संघर्ष पनि अघि बढ्नेछ। त्यसले नै पार्टीको भावी दिनको कार्यनीतिको पनि निर्धारण गर्नेछ। २०७४।१०।१४

## संसदीय बाटो...

चुपचाप उनको शवलाई गाडी दियो । चिलीमा यस पछि युद्ध टुँगिएन । लाखौं चिलीबासी जनतालाई हत्या गरियो ।

संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले समाजवाद ल्याउने बाटो हिंड्दाहिंड्दै अमेरिकी साम्राज्यवादले सैनिक विद्रोह गराएर नरसंहार मच्चायो । एलेण्डे नभुकेकै कारण चिलीमा त्यसो भयो । तर नेपालका नक्कली वामगठबन्धनवालाहरूले त चिलीको पाठ सिकेका कारण पहिले नै अमेरिकी साम्राज्यवाद भारतीय विस्तारवादका सामु आत्मसमर्पण गरिसकेका र उनकै दलालका रूपमा काम गर्दै आएकाले नेपालका ल्याउछौ भनेको समाजवाद चिलीका वामपन्थीहरूले भने जस्तो समाजवाद नभएर, वी.पी. कोइरालाले ल्याउने भनेको प्रजातान्त्रिक समाजवाद हो । सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत निर्माण गरिने वैज्ञानिक समाजवाद नभएर पुँजीपति वर्गको अधिनायकत्व चलने पुँजीवादी व्यवस्था हो । अतः कथित वाम गठबन्धन संसदीय शासनप्रणाली भएको प्रतिक्रियावादी पुँजीवादी व्यवस्थालाई बलियो बनाई राख्न र टिकाई राख्नका लागि सरकारमा जाने जाँदैछन् भन्ने कुरा प्रष्ट हुन जरुरी छ ।

## फेरियो...

छन् । समाचार एजेन्सीहरुका अनुसार माओवादीतर्फ पनि ठूलो नोक्सान भएको दावी गरिए पनि आधिकारिक समाचार प्राप्त भएको छैन ।

गत वर्ष यसै क्षेत्रमा ३७ जना सरकारी फोर्सको मृत्यु भएको थियो । भारतीय सत्तासिन वर्गले मनाउने गरेको गणतन्त्र दिवशको २ दिनअघि भएको यो घटनालाई 'कथित गणतन्त्र दिवसको अर्थ छैन, यसलाई खारेज गरौं' भनेर माओवादीले केही दिनअघि गरेको आव्हानसित जोडेर पनि यस घटनालाई हेरिएको जनमेल डटकमले समाचार प्रकाशित गरेको छ ।

## चीनको...

चीनको सूचना परिषद्द्वारा प्रकाशित गरिएको दस्तावेजका अनुसार चीनले अपेक्षा राखेको छ कि 'पोलर सिल्क रूट'मा सबै सम्बन्धित देशहरूले साथ दिनेछन् । दस्तावेजका अनुसार सबै देशलाई यो समुद्री मार्ग प्रयोग गर्ने अधिकार हुनेछ । चीनले भनेको छ कि यस पर्यावरणको रक्षामा रणनीतिक सहयोग मिल्नेछ । यस महासागरमा चीनको कुनै समुद्री तट छैन । त्यहाँ रूस, अमेरिका, क्यानाडा, आइसलैंड, स्वीडन, नर्वे, फिनलैंड र डेनामार्क जस्ता देश रहेका छन् । यी देशहरूका बीच आ-आफ्ना हितहरूलाई लिएर विवाद पनि कायम छ । तथापि २०१३ देखि चीन आर्कटिक काउन्सीलमा पर्यवेक्षक सदस्यको रूपमा काम गर्दै आइरहेको छ ।

## जनताको...

बुर्जुवा गणतन्त्रले दलाल पुँजीपतिवर्ग र सामन्तवर्गको मात्र पक्षपोषण गर्ने भएकोले जनताको हक, हित र अधिकारका लागि जनताको गणतन्त्र ल्याउनु पर्ने आवश्यकता औल्याउनु भएको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव समेत रहेका नेता थापाले बाँकेको कोलपुरमा आयोजित पत्रकार सम्मेलनमा पत्रकारहरूको जवाफ दिने क्रममा यस्तो विचार व्यक्त गर्नुभएको हो ।

क्रान्तिकारी माओवादी बाँके र बर्दियाको संयुक्त रूपमा आयोजित बैठक तथा प्रशिक्षणलाई सम्बोधन गर्न कोलपुर पुग्नुभएका नेता थापाले अहिले माओवादी केन्द्र, एमाले, कांग्रेस लगायतका संसवादी दलहरूले मुलुकमा गणतन्त्र आएको र जनवादी क्रान्ति सम्पन्न भै सकेको भन्दै जनतामा भ्रम सिर्जना गर्न खोजको आरोप लगाउँदै अहिलेको गणतन्त्रबाट जनताको कुनै पनि अपेक्षा पूरा हुन नसक्ने दावी गर्नुभयो ।

उहाँले भन्नुभयो, 'यो नक्कली गणतन्त्रको नाम भजाएर केही संसदीय पार्टीहरूले सिंह दरबारमा रमाउने सपना देखेका छन, उनीहरू अहिले ठूलो आवाजमा कम्युनिष्ट एकताको कुरा गर्दै हिडेका छन् तर उनीहरूको त्यो कर्तुत जनतालाई हामी प्रष्ट बुझाउँदै जनवादी क्रान्तिको तयारी गर्छौ, हामी अहिले गाउँ गाउँमा त्यसको तयारी गरिरहेका छौं ।

यसैबीच, बाँके र बर्दियाको संयुक्त जिल्ला प्रशिक्षणलाई सम्बोधन गर्दै नेता थापाले अहिलेको व्यवस्थालाई जनताले नरुचाएको दावी गर्नुभयो र भन्नुभयो, "अब अन्तिम र निर्णायक लडाईको लागि पार्टी क्रान्तिको तयारीमा जुटेको छ । हामीले अहिले केन्द्रदेखि प्रदेश हुँदै जिल्ला र गाउँ गाउँसम्म भण्डाफोर लगायतका कार्यक्रम चलाउँदै आएका छौं । ढुक्क हुनुस्, जनगणतन्त्र हाम्रै जीवनकालमा आउँछ, त्यो ल्याउनुको विकल्प छैन ।'

प्रशिक्षणलाई क्रान्तिकारी माओवादीका पोलिटब्यूरो सदस्य तथा पाँच नम्बर प्रदेशका सचिव प्रेस सुवेदी, पार्टीका केन्द्रीय सदस्य तथा बाँके बर्दिया इन्चार्ज भुपेन्द्र न्यौपानेलगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन क्रान्तिकारी पत्रकार महासंघका कार्यालय सदस्य लोकराज जैसी गरेका थिए । प्रशिक्षण लगत्तै बसेको बैठकले दुवै जिल्लामा तीन महिने अभियान लिएर गाउँ गाउँमा जान र संगठन विस्तार गर्न विभिन्न अभियान टोलीहरू निर्माण गरिएको छ ।

## ओली...

खोजिरहेको बताउनु भएको छ । मंगलबार विहान क्रान्तिकारी पत्रकार महासंघ, जिल्ला समिति उदयपुरले जिल्लाको सदरमुकाम गाईघाटमा आयोजना गरेको पत्रकार सम्मेलनमा पत्रकारहरूले राखेको जिज्ञासाको जवाफ दिने क्रममा अध्यक्ष गजुरेलले यस्तो कुरा बताउनु भएको हो । उहाँले भन्नुभयो, "प्रधानमन्त्री हुनु अगावै पटक-पटक भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केपी ओलीलाई फोन गरेर भावी प्रधानमन्त्रीको रूपमा बधाई, शुभकामना दिनु र दिल्लीमा स्वागत गर्न आतुर छु भन्नु भनेको भारतले ओलीलाई नयाँ एजेन्टको रूपमा प्रयोग गर्न खोज्नु हो ।'

अध्यक्ष गजुरेलले एमाले र माके नक्कली वाम भएको टिप्पणी गर्दै वास्तविक कम्युनिष्ट र माओवादी भनेको क्रान्तिकारी माओवादी मात्रै रहेको दावी गर्नुभयो । पार्टीको हालै सम्पन्न स्थायी समिति बैठकले पार्टी एकताको लागि आव्हान गरेको प्रसंग कोट्याउँदै अध्यक्ष गजुरेलले नयाँ जनवादी क्रान्ति गर्न चाहने कम्युनिष्टहरूसँग मात्र पार्टी एकता गरिने स्पष्ट पार्नुभयो ।

एमाले र माकेले जनतामा कम्युनिष्ट र वामको रूपमा भ्रम छरेर चुनाव जितेको दावी गर्दै उहाँले भन्नुभयो, 'एमाले माके नक्कली कम्युनिष्ट वाम हुन् । सक्कली कम्युनिष्ट र माओवादी त हामी मात्रै हौं ।'


पत्रकार सम्मेलनमा क्रान्तिकारी माओवादीका १ नं. प्रदेश सचिव अग्नीज्वाला, केन्द्रीय सदस्य मीनकुमार, अमर परियार, क्रान्तिकारी पत्रकार महासंघका सचिवालय सदस्य मधुकर थापा लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

यसैबीच, अध्यक्ष गजुरेलले ओखलढुंगामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा विहारी शैलीको संविधान र गणतन्त्रले देश र जनताको हित नगर्ने बताउनु भएको छ। क्रान्तिकारी माओवादी तथा देजमोको बैठक तथा प्रशक्षिणका लागि ओखलढुंगा पुगेका अध्यक्ष गजुरेलले शुक्रबार गरिएको पत्रकार सम्मेलनमा पत्रकारहरूले सोधेको प्रश्नको जवाफमा भन्नुभयो, "राष्ट्रिय स्वाधीनताको रक्षा, भ्रष्टाचार निवारण र बेरोजगारी समस्याको समाधान लोकतान्त्रिक भनिएको विहारी शैलीको संविधान र गणतन्त्रले गर्न सक्दैन । त्यसका लागि जनताको संविधानमा आधारित जनगणतन्त्र स्थापना गर्नु पर्दछ ।"

वीरगञ्जको छपकैयामा सीमा मिचिदा सरकार मुकदर्शक बन्नु, महंगी र बेरोजगारी अझ आकाशिएर जानु, भ्रष्टाचार र कमिसनले संस्थागत रूप लिनु आदिले यो व्यवस्थाबाट राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान हुन नसक्ने अध्यक्ष गजुरेलले दावी गर्नुभयो ।

नेकपा (क्रान्तिकारी माओवादी) को जिल्ला कमिटिले आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष गजुरेलले एमाले माओवादी केन्द्रबीचको बाम गठबन्धनलाई दक्षिणपन्थी गठबन्धनको संज्ञा दिंदै उनीहरूको नेतृत्वमा सरकार बने पनि त्यसले भारतीय विस्तारवादकै सेवा गर्ने दावी गर्नुभयो ।

पत्रकार सम्मेलनमा पार्टीका पोलिटब्यूरो सदस्य अग्नीज्वाला, केन्द्रीय सदस्यहरू मिनकुमार, आदर्श, जिल्ला सचिव पर्वत, अखिल (क्रान्तिकारी)की केन्द्रीय सचिव ज्ञानु खतिवडा लगायतका नेताहरूको उपस्थिति रहेको थियो । अध्यक्ष गजुरेल १ नं. प्रदेशका प्रायः सबै जिल्लाका बैठक प्रशिक्षणमा सहभागी भइरहनु भएको छ ।



माघ ९ देखि माघ १६ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# सात मठाधीश मनोनित भए

**माघ ९ गते ।** गऱ्यो भने नेपालमा पनि यस्ता काम हुँदा रहेछन् । गोर्खाको उत्तरी भीर खोपेर बुढीगण्डकीको किनारमा ९० मिटर लामो पैदल यात्री पुल हेर्न लायक छ । हुन त यो भन्दा अगाडि पनि यहाँ पुल नभएको होइन, त्यो पुरानो पुल बुढीगण्डकीले बगाईदिएपछि नयाँ डिजाइनमा बनाइएको यो पुल अन्य ठाउँमा पनि बनाउने हो भने पहाडका किसान र पदयात्री विदेशीलाई पनि निकै सहज हुने अनुमान गर्न सकिन्छ ।

**माघ १० गते ।** पञ्चायतीकालमा नेपाललाई १४ अञ्चलमा विभाजित गरिएको थियो, ती अञ्चलहरूमा राजाद्वारा एक/एक जना लठैतहरू मनोनित गरिन्थ्यो र तिनीहरू कार्यालयमा खुट्टा हल्लाएर जनतामाथि शासन गर्थे । उनीहरूको नाम अञ्चलाधीश राखिएको थियो । अहिले ती अञ्चलहरूलाई 'प्रदेश' भनिन्छ र ती प्रदेशहरूमा पार्टीका मानिस भर्ना गरेर पठाइन्छ, जुन आज गरियो । जसलाई हामीले उनीहरूको नाम 'मठाधीश' राखेका छौं । किनभने यिनीहरूले उही पहिले पहिले मोठको काम गर्ने मुखियाभन्दा अरू केही गर्न पाउँदैनन्, जे गर्छन् केन्द्रका दलगत ठेकेदारभन्दा पनि हुन्छ, उनीहरूले नै गर्छन् । एउटै कुरा के फाइदा भएको छ भने यी मठाधीशहरूलाई जनताको डर भने लागिरहन्छ, तै पनि लुकिछिपी कुम्लो बोक्न भने पछि पर्दैनन्, आखिर उनीहरूले पनि त कुम्लो बोकाएरै मठाधीश भएका न हुन् ।

**माघ ११ गते ।** नेपालको खेतबारीमा यस्तो एउटा किरा छ, जुन सबैखाले उत्पादनको जरामा आफ्नो वर्चश्व जमाएर बालीनाली फस्टाउनै दिंदैन । त्यो किराको नाम हो खुम्रेकिरा । त्यस्तै खुम्रेकिरा मानव रूपमा पनि छ, त्यसले नेपालमा उद्योगधन्दा फस्टाउनै दिंदैन । विदेशी लगानी भित्र्याएर विकास गरिने कुरा संविधानमा लेखिएको छ तर त्यो खुम्रेकिराले अनेक अवरोध खडा गरेर विदेशी पुँजीपतिलाई नेपालमा ढिम्सनै दिंदैन, त्यसको नाम हो निजामती सेवा ।

**माघ १२ गते ।** अपराध भनेको अपराध नै हो । हाम्रा महामहिमहरू जनताको थाप्लोमा टेकेर यस्ता अपराध गर्छन्, जुन एकपटक गरिएको अपराधले पुनः सरकारी सेवामा जानै मिल्दैन । तर, तिनै अपराधीहरू निर्वाचनमा उम्मेदवार भइरहन्छन्, निर्वाचित भइरहन्छन् र मन्त्री प्रधानमन्त्री पनि भई नै रहेका छन् । आगामी कोही दिनभित्र गठन हुन लागेको सरकारमा पनि त्यस्ता व्यक्तिहरूको बर्चश्व देखिएको छ । लौन लालबाबु तिमी फेरि एकपटक सामान्य प्रशासन मन्त्री बनेर यस्ता अपराधीलाई तह लगाइदिन्छौ कि ! हुन त तिमी पनि ठूलै पार्टीका कार्यकर्ता न हौ ।

**माघ १३ गते ।** हातखुट्टामा नराम्रो रोग लाग्यो भने मानिसले हिंडडुल गर्नुपर्दा अर्काको सहारा लिन्छ, कसैले सहारा दिएन भने लत्रिदैंलत्रिदै पनि हिंड्छ । त्यस्तै भएको छ डाँडामाथिको घामजस्तै भएको शेरबहादुर देउवाको सरकार । निर्वाचन परिणाम आएकै दिन हार स्वीकार गर्दै राजीनामा दिएर जतिसक्दो छिटो सत्ता खाली गरिदिनु पर्नेमा दिनदिनै अनेक बहाना गर्दै सत्तामा टाँसिएर बसेको यो सरकार सस्तो लोकप्रियताका लागि यो वा त्यो बहानामा सामाजिक सुरक्षा भत्ता बढाउने, रोगी, खेलाडी र अनेकथरिका अपराधीलाई भत्ता बाँड्ने, खेलाडीलाई सुविधा थप्ने काममा रुमलिएको छ । देख्ने र हेर्नेहरूका आँखा फुटेको जस्तै हुन थालेको छ ।

**माघ १४ गते ।** यो सत्ता र शक्ति भनेको महारोग जस्तै रहेछ । कांग्रेसका नेतालाई मात्रै किन गाली गर्नु, कम्युनिष्टका नेता भनाउँदा पनि त्यस्तै रहेछन् । यसका उदाहरण हुन, भरतमोहन अधिकारी । उनी ४६ सालदेखि निरन्तर सत्ता र शक्तिको वरपरि छन् र पनि अहिले घाट लाने बेलामा पनि पार्टीले मूल्यांकन नगरेको गुनासो पोख्तै हिंडेका छन् । के नेता भन्ने बितिक्कै कुर्सीमै बाँधेर घाटसम्म लैजानुपर्छ र ! होइन भने आरामले अरुले गरेको काममा निगरानी गरेर बस्न सकिंदैन ? गाली नगरौं भने पनि नहुने ।

**माघ १५ गते ।** नर्सहरूको उपेक्षा देखेर हातमा भाला र खुकुरी लिएर सडकमा उत्रनु जस्तो लाग्न लागिसकेको छ । के नर्सहरूको पेट र परिवार हुँदैन ? अहिलेसम्म भोलेन्टियर भएर काम गर्दै आएका नर्सहरू बल्लतल्ल आन्दोलनको माध्यमबाट १० हजार पाउँने भएकाछन्, त्यो पनि आँसु बगाएर । के स्वस्थ्य माफियाहरूको हैकममा सरकार नाचिरहने ? उनीहरूको व्यवस्थापन गर्नु पर्दैन ?

**माघ १६ गते ।** आज सहीद दिवस । राष्ट्रका लागि जीवनदान दिने धर्मभक्त, दशरथचन्द्र, गंगालाल र शुक्रराज शास्त्रीको नामबाट स्थापित सहिद दिवस अब त प्रणय पर्वमा ससुरा वा जेठानद्वारा मारिएकाहरूको पनि नामावली जोडिएला भन्ने डर पो लाग्न थालेको छ । कतिपय गुण्डाहरूको सूचचांक त भई नै सकेको छ । फेरि शेरबहादुर देउवाले ८ महिने कार्यकालमा २ सय ६६ जना सहिद थपिसकेका छन् भन्ने समाचार आएको छ । बरु सीमापारी डाँका मार्न जानेलाई पनि सहिदको सूचीमा राखे हुन्छ नि ! कम्तिमा उताबाट नगद वा जिन्सी जे भए पनि ल्याउँछ नि !

# पेशागत डिओसीको बैठक सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को पेशागत डिओसीको बैठक सम्पन्न भएको छ । पार्टीका ३ नं. प्रदेशका सचिव सागरको उपस्थिति तथा डिओसीका इन्चार्ज हुकुमबहादुर सिंह तथा केस प्राध्यापक मोर्चाका अध्यक्ष प्रा.डा. जगदिश चन्द्र भण्डारीको उपस्थितिमा पार्टी कार्यालय बुद्धनगरमा शनिबार सम्पन्न भएको बैठकले संघर्ष, संगठन र प्रशिक्षणका कार्यक्रमहरू तय गरेको छ । बैठकले २७ गते शनिबारका दिन पेशागत डिओसीमा आवद्ध सदस्यहरूको वैचारिक, राजनीतिक प्रशिक्षण संचालन गर्ने निर्णयसमेत गरेको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो

काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३१५९

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# संसदीय खेलको एक अध्याय समाप्त



● प्रा.डा. जगदीश चन्द्र भण्डारी ●

नेपालका जनताले गरेको महान त्याग, समर्पण, बलिदान र उत्सर्गको परिणामलाई कुत्सित बनाउने प्रतिक्रियावादी, संसदवादी तत्वका उछलकुद र तिनका फोहरी क्रियाकलाप मुलुकमा अहिले छ्यालब्याल्ल भएका छन् । पुरानै चरित्र र सार बोकेको संविधान बनाइ नेपाली जनतालाई ढाँट्न सफल रहेका पुराना, यथास्थितिवादी शक्तिहरू नै अहिले पनि हावी भएका छन् । भर्खरै चुनाव सम्पन्न भएको छ । र, तिनको चुरीफुरी पनि बढ्दो छ । संसदीय राजनीतिका अनेकन छल, हथ्कण्डा, प्रलोभन र पैसाको उपयोगमा नै सफल हुने र तिनले आफ्नो स्वार्थ पूरा गर्ने कुरा नै संसदीय राजनीतिको अभिष्ट हो । वाम गठबन्धनका नाममा गरिएको गठबन्धनले जनतामा भ्रम फैलाउन सफल भएको छ । कम्युनिष्ट नामधारी नेकपा एमाले र माओवादी केन्द्र दुवै दक्षिणपन्थी संशोधनवादी, बुर्जुवा शक्ति हुन् । हिजोको क्रान्तिकारी सारतत्वलाई छाडेर प्रतिक्रियावादी बन्न पुगेका उक्त दुवै शक्तिले बहुमत ल्याएका छन् तापनि तिनको गतिविधि र उद्देश्य जनता पक्षीय छैन । र, राष्ट्र पक्षीय पनि छैन । नेपाली कांग्रेसकै सन्निकट रहेका एमाले र माकेको सत्ता चिन्तन सर्वहरावर्गीय तथा राष्ट्रियता परक नभई शोसकवर्गीय तथा दलाल परस्त छन् । पुँजीवादी प्रभुत्वलाई नै आफ्नो उद्देश्य बनाएका ती शक्तिको जितले नेपाली जनतालाई बेल पाक्यो हर्ष न विस्मात् जस्तै बनाएको छ ।

अब नेपाली जनताका आधारभूत हकअधिकार प्राप्तिका कुरा भन्दा पनि विदेशी प्रभूहरूको खुला आमन्त्रण र तिनको स्वार्थ सम्मान मै रमाउने काम हुन्छ । जनताका लोकतान्त्रिक अधिकारका साथै जीविकाका प्रश्न ज्युँका त्युँ रहेका छन् । तिनका चुनावी घोषणा पत्र मात्र होइन तिनले समय समयमा बोलेका जनविरोधी अभिव्यक्तिले तिनलाई जनपक्षीय भन्दा जनद्वेषीका रूपमा चित्रित गरेको छ । अहिले तिनले उठाएका र जितेका कतिपय सांसदहरू दलाल, तस्कर, जनअपराधी, भ्रष्ट एवम् शोषक प्रवृत्तिका छन् । तिनकै आर्थिक भौतिक सहयोगमा एमाले र माकेको नेतृत्व, संगठन प्राणवान र उर्जावान बनेको छ । वर्गीयताको भावना र विचारलाई चटक्कै छोडी प्रतिक्रियावादी वर्गमा पतन भएको उक्त तत्वले इतिहासको संघर्ष र त्यागलाई सम्मान गर्ने भन्दा निषेध गरी आफ्नो रूपान्तरित वर्ग सुहाउँदो क्रियाकलापमा रमाउने निश्चितै छ । वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय समस्याको समाधानमा भन्दा दलाल, तस्कर र राष्ट्रविरोधी तत्वका साथै तिनका र आफ्ना निकटका मानिसहरूको स्वार्थ पूरा गर्ने तथा मुलुकलाई साम्राज्यवादी र विस्तारवादी सामु झुकाउने काम गर्नमा तल्लिन भई राष्ट्र र जनतालाई झनै कमजोर बनाउने कार्य गर्ने कुराको साक्ष उनकै विगतका क्रियाकलाप रहेका छने ।

एमाले र माकेको नेतृत्व र त्यसको पक्षधर कार्यकर्ता तत्व भ्रष्ट र लम्पट हुँदै गएको छ । अब सत्ताको नजिकमा मात्र नभई चाँजोपाँजो मिलाउने ठाउँमा पुग्दा उसले गर्ने हर्कत अनैतिहासिक एवम् दुरगामी हुने देखिन्छ । निम्न पुँजीवादी चिन्तनबाट विकसित उक्त तत्वको पतन जसरी वैचारिक क्षेत्रमा घिनलाग्दो किसिमबाट भएको छ, त्यसरी नै अब जीवनगत व्यवहारमा स्पष्ट देखिने सम्भावना छ । नेकपा एमालेका चिन्तन र त्यसको सार भनेको त भ्रष्ट पुँजीवादी नै हो । त्यसको गतिविधि, आचरण, सोच र व्यवहारिक क्रिया सबै नवसामन्तवादी तथा नवउदारवादी किसिमका छन् । वाह्य रूपमा राष्ट्रवादी जस्तो देखिए पनि उक्त तत्व साम्राज्यवाद परस्त तथा प्रभुत्ववाद परस्त रहेको छ । आर्थिक, सामाजिक परिवर्तन भन्दा पनि समाजलाई यथास्थितिमै राख्ने र केही सीमित मानिसहरूलाई सम्पन्न बनाउने गरी शिक्षा र स्वास्थ्य जस्ता ठाउँमा निजीकरण गर्न मै केन्द्रित रहेको छ भने वित्तीय क्षेत्रमा आर्थिक चलखेल र प्रभुत्व कायम गरी मुलुकलाई बर्बाद पार्ने तर्फ संलग्न हुँदै आएको छ । बुर्जुवा व्यवस्थालाई स्वीकार गरी गरिने सुधारले नेपाली जीवनले परिवर्तन प्राप्त गर्न सक्दैन । सामन्त, पुँजीपति र दलालहरूबाट उत्पीडित रहेको सामाजिक जीवनमा फेरबदलका लागि सशक्त, सशस्त्र विद्रोहको आवश्यकता झनै बढेर गएको छ । भ्रष्टाचारी र दलालहरूको चुनावी परिणामले अन्ततः दलालहरूलाई बलियो बनाउँछ भने यसपालीको संसदीय चुनावले तिनैलाई स्थापित गरेको छ । यी साम्राज्यवादी तथा विस्तारवादी शक्तिका पक्षधर दुवै दलालहरूको अभिवृत्तिको अनावरण गर्नु र तिनका विरुद्धमा जनमत निर्माण गर्नु आवश्यक भएको छ । निश्चित वर्गका निम्ति बनाइएको संविधान र त्यसले निर्दिष्ट गरेको संरचनाले नेपाली जनताको हित प्राप्ति त गर्दैन नै मुक्ति संघर्ष र आन्दोलनलाई समेत बाधा पुऱ्याउँछ । यसर्थ जनगणतन्त्र प्राप्ति निम्ति जनवादी क्रीन्तको तयारी गर्नु र आत्मिक रूपमा सवल बन्दै संघर्षको आँधीवेहरी सिर्जना गर्दै नेपालका उत्पीडित वर्गको लक्ष्य तथा प्रयत्नु हुनु जरुरी छ । संसदीय खेलको संविधान र त्यसको हास्यास्पद अभिव्यक्तिलाई अबका दिनमा बढी देख्न र सुन्न पाइनेछ । प्रतिक्रियावादी तत्वले वास्तविक जनताको अधिकारप्रति कहिल्यै पनि संवेदनशील भएको पाइदैन । यो व्यवस्थाले झनै निरीह बनाउने निश्चितै छ ।

जेहोस् संसदीय व्यवस्थामा पतन भएका दक्षिणपन्थी संशोधनवादी बुर्जुवा दलाल दुई शक्तिको संदीय गीताकर्मको एक अध्याय समाप्त भएको छ र अबका दिनमा नेपाली जनताले तिनका उत्पीडन थुप्रै अध्यायमा बेहोर्नु पर्नेछ ।






# क्रान्तिकारी माओवादी निकट अखिल (क्रान्तिकारी) आन्दोलित

● धनन्जय अवस्थी

कञ्चनपुर/चितवन । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) कंचनपुरले अन्य विध्यार्थी संगठनहरूसँग मिलेर जिल्लाको एक टेक्निकल इन्स्टीच्युटमा अनिश्चितकालीन तालाबन्दी गरेको छ । अखिल क्रान्तिकारी, नेविसंघ र अनेरास्ववियूका जिल्ला संगठनहरूसहित संयुक्त रूपमा चर्को शुल्क असुली गरेको र एउटा कार्यक्रममा भर्ना लिएर अर्कै कार्यक्रमको परीक्षा लिएको आरोपमा उक्त इन्स्टीच्युटमाथि तालाबन्दी गरिएको हो ।

यसैबीच, अखिल (क्रान्तिकारी)ले अखिल (क्रान्तिकारी) चितवनले जिल्ला शिक्षा अधिकारीलाई पाँच बुँदे मागसहितको ज्ञापन पत्र बुझाउँदै माग पूरा नभए आन्दोलनमा उत्रिने चेतावानी दिएको छ । भारतीय पक्षबाट भएको सीमा अतिक्रमका विरुद्ध संगठन संघर्षरत रहेको भन्दै संगठनले क्षमताभन्दा बढी विध्यार्थी ओसार्ने बोर्डिङलाई कारबाही गर्नुपर्ने, जिल्ला शिक्षा कार्यालय अन्तर्गतका शाखाहरू स्थानीय निकायमा गाभिएपछि परीक्षा, नियमन लगायतका प्रशासनिक जटिलतालाई अबिलम्ब हल गरिनुपर्ने, निजी विध्यालयहरूले रुटमा चल्नसमेत लायक नभएका गाडी भाडामा लिएर क्षमताभन्दा विध्यार्थी कोच्ने कार्य रोक्नुपर्ने, विध्यालयमा शिक्षकले आवश्यक ध्यान नदिने र प्राइभेट ट्यूसन पढाउने कार्य रोक्नुपर्ने, विगतमा संगठनसँग भएको सहमति अनुसार विध्यार्थीलाई भाडामा ४५ प्रतिशत छुट दिने सहमति कार्यान्वयन गर्नपर्ने लगायतका मागहरू राखिएको छ ।

# बाँकेका पत्रकारहरूले बनाए स्थानीय मिडिया हकहित संरक्षण समिति

नेपालगंज । बाँकेका जनपक्षीय मिडियाकर्मीहरूले साना लगानीका मिडियाहरूको हकहितको पक्षमा संगठित रूपमा आवाज उठाउने उद्देश्यमा आधारित रहेर 'स्थानीय मिडिया हकहित संरक्षण समिति' गठन गरेका छन् । जिल्लाका बरिष्ठ पत्रकार रहिस सिद्धिकीको नेतृत्वमा सात सदस्यीय संरक्षण समिति गठन गरिएको हो । शनिबार भएको एक भेलाले समय अधिकार दैनिकका प्रकाशक तथा सम्पादक रहिस अहमत, ग्लोबल समाचार दैनिकका प्रकाशक सम्पादक टेकेन्द्र बस्याल, मूलबाट डटकमकी स्थानीय प्रतिनिधि संजना कर्माचार्य, हरपल नेपाल डटकमका स्थानीय प्रतिनिधि दिनेश श्रीवास्तव, न्यूज यथार्थ साप्ताहिकका प्रकाशक सम्पादक आशिस गुप्ता, दैनिक खबरे राष्ट्रिय दैनिकका प्रकाशक भरत बैश्य लगायतका पत्रकारहरू सदस्य रहेको उक्त समिति गठन गरेको हो । नवगठित समितिले हरपलनेपाल डटकमका प्रकाशक सम्पादक तथा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसीलाई सल्लाहकारको रूपमा चयन गरेको छ ।

## लैनचौर...

मा लैनचौरस्थित राजदूतावासमा आयोजना गरेको दिवाभोजमा नदेखिए पनि भोलिपल्टै दूतावासद्वारा नै आयोजित सांगितिक कार्यक्रममा सहभागी भएर उनले ग्रिन सिग्नल दिइसकेका छन् । ओलीले ग्रिन सिग्नल दिएपछि चाँडै नै भारतीय विदेश मन्त्री सुष्मा स्वराज मोदीको विशेष दूत बनेर नेपाल आउने तयारी गरिरहेको पनि बुझिएको छ ।

दूतावासले आयोजना गरेको सांगितिक कार्यक्रममा भावी प्रधानमन्त्री ओलीमात्र होइन, राष्ट्रपति विद्यादेवी भण्डार ीसमेत सहभागी भएर आफ्नो राष्ट्रवादको मुकुण्डो ओलीले उदांगो पारेको पनि राजनीतिक वृत्तमा टिप्पणी सुरु भएको छ ।

शुक्रबार लैनचौरस्थित राजदूतावासमा आयोजित दिवाभोजमा राजदूतावासको दिवाभोजमा प्रधानमन्त्री शेरबहादुर देउवा, उपराष्ट्रपति नन्दबहादुर पुन, पूर्व प्रधानमन्त्रीहरु पुष्पकमल दाहाल 'प्रचण्ड' र माधबकुमार नेपाल, उपप्रधानमन्त्रीद्वय विजय गच्छदार र गोपालमान श्रेष्ठ लगायत सहभागी थिए । दूतावासले आयोजना दिवाभोजमा सहभागी नभएकोमा सामाजिक सञ्जालमा ओलीको प्रसंशा र सहभागी नेताहरुको आलोचना भएको थियो । तर, भारतीय राजदूत पुरीले भोलिपल्ट जङ्गी अड्डामा आयोजित कार्यक्रममा ओलीलाई मात्र होइन, राष्ट्रपति भण्डारीलाई समेत सहभागी गराईछाडे । दूतावास अन्तर्गतको सांस्कृतिक केन्द्रवारा आयोजित प्रेस विज्ञप्तीमा जनाइए अनुसार 'बलिउड फ्युजन ब्याण्ड' नाम दिइएको सो सांगितिक कार्यक्रमको प्रमुख अतिथि राष्ट्रपति भण्डारी थिइन् भने ओली विशिष्ठ अतिथिका रुपमा सहभागी थिए । उनीहरु कार्यक्रम अवधिभर रहेका थिए । सीमा मिचिदा एक शब्द नबोल्ने ओली मोदीसँग नजिकिएपछि माके अध्यक्षको टाउको दुखाई सुरु भएको छ । र, एमाले र माकेबीचको एकता पनि भाँडिने स्थितिमा पुगेको उच्च स्रोतको दावी छ ।

## साना लगानी र श्रमजीवी पत्रकारका विषयमा क्रान्तिकारी पत्रकार महासंघले बाँकेमा गऱ्यो अन्तर्क्रिया

नेपालगंज । क्रान्तिकारी पत्रकार महासंघ बाँकेको आयोजनामा नेपालगंजमा शनिबार साना लगानीका मिडियाको अवस्था र श्रमजीवि पत्रकार विषयक एक दिवसीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा वक्ताहरूले साना लगानीका मिडियाहरूको संरक्षण र सम्बर्द्धनमा राज्य उदासिन रहेको र श्रमजीवि पत्रकार ऐन आजसम्म पनि कार्यान्वयन हुन नसकेको प्रति रोष प्रकट गर्दै साना लगानी तथा जनपक्षीय मिडियाहरूको संबर्द्धनका लागि संघर्ष गर्न आवश्यक रहेको धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्यूरो सदस्य अटल, केसद्वय शिशिर र भूपेन्द्र न्यौपाने, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसी, नेपाल नेपाल पत्रकार महासंघका बाँके अध्यक्ष ठाकुरसिंह थारु, उपाध्यक्ष रूपा गहतराज, सचिव तिलक गाउले (प्रगतिशील संघका केन्द्रीय सचिव), थारु पत्रकार संघको विमला चौधरी, अवध पत्रकार समाज, पर्यटन पत्रकार संघ, प्रेस चौतारी सचिव कमल डाँगी, प्रेस सेन्टरका उपाध्यक्ष कृष्ण ओली, प्रेम मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष आशिष गुप्ता, नेपाल बार एशोसियसनका बाँके अध्यक्ष उदयराज बर्मा लगायत जिल्लाका स्थापित मिडियाकर्मीहरूको उपस्थिति रहेको थियो । प्रायः वक्ताहरू सबैले साना लगानीका मिडियाहरूले जनता र देशकाको पक्षमा समाचार लेख्ने गरेको चर्चा गर्दै यस्ता मिडियाहरूको संरक्षण र सम्बर्द्धनमा राज्यलाई जिम्मेवार र जवाफदेही बनाउनु पर्ने धारणा राखेका थिए । कार्यक्रमको अध्यक्षता क्रान्तिकारी पत्रकार महासंघका बाँके अध्यक्ष दिनेश कुमार श्रीवास्तवले गरेका थिए ।

## गाउँ–गाउँमा...

दिनु भएको छ । उहाँले दिएको जानकारी अनुसार १५ माघमा मुस्लीम मुक्ति मोर्चाको केन्द्रीय समितिको बैठक बुटवलमा राखिएको छ । बैठकले मोर्चामा आवद्ध नेता कार्यकर्ताहरूलाई अभियानमा परिचालन गर्ने मोर्चाका फ्र्याक्सन इन्चार्ज समेत रहनु भएका नेता अटलले बताउनुभयो ।









**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटो: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।